# किवीको देशमा डाँफेको गुञ्जन

(गजल सङ्ग्रह)

sahityapost.com


डा. वीरेन्द्र केसी

कृति: **किवीको देशमा डाँफेको गुञ्जन**
विधा: गजल
कृतिकार: डा. वीरेन्द्र केसी
सर्वाधिकार: कृतिकारमा
प्रकाशक: *sahityapost.com*
भाषा सम्पादन: साहित्यपोस्ट समूह
इमेल: *sahityapost2020@gmail.com*
आवरण: बाबु साइँला
पहिलो संस्करण: २०७८ माघ, (२०२२)
मूल्य: १९९/-
US$ 05/-
छापाखाना: साइन प्रिन्टिङ प्रेस
आइएसबिएन: ९७८-९९३७-१-१२६६-६
*ISBN No.* 978-9937-1-1266-6

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक प्रकाशकको अनुमतिबिना कुनै पनि माध्यमद्वारा पुनरुत्पादन गर्न वा फोटोकपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कारबाही गरिनेछ।

*Kiwi ko Desh ma Danfe Ko Gunjan:*
*A Collection of Gazals*
*by*
**Dr. Birendra KC**

# समर्पण



मेरो पहिलो प्रकाशित कृति 'आमाको काखमा दुखेको देश' कविता संग्रहपछि मेरा यो दोस्रो कृति 'किवीको देशमा डाँफेको गुञ्जन' गजल संग्रह पनि मेरा आमा–बुवाप्रति समर्पित गरेको छु ।

# शुभ–कामना !



हाम्रा ज्वाईं डा. वीरेन्द्र केसीको पहिलो कृति 'आमाको काखमा दुखेको देश' कविता संग्रह प्रकाशित भएको एक वर्षभित्रै दोस्रो कृति 'किवीको देशमा डाँफेको गुञ्जन' गजल संग्रह प्रकाशित भएको कुराले हामीलाई आनन्दित बनाएको छ । गजलका पारखीहरूले यस संग्रहलाई माया गरिदिनुहुनेछ भन्ने अपेक्षा राखेका छौँ । नेपाली साहित्यको आँगनमा सृजनाका यस्ता अनेकौँ फूलहरू फुलाउँदै जानुहोस् भनी हामी ज्वाईंलाई आशीषसहित शुभकामना दिन चाहन्छौँ ।

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
अनुसन्धान केन्द्र
बेलझुण्डी, दाङ
फोन नं. (०८२) ५०००९१
इमेल : researchcenter@nsu.edu.np


पत्रसङ्ख्या :

चलानी नम्बर :

मिति : २०७८ पौष २८

## हार्दिक शुभकामना

संस्कृतका शास्त्रीय छन्दभन्दा भिन्न उर्दू र हिन्दी साहित्यबाट प्रेरित प्रभावित गजलविधाको इतिहास त्यति पुरानो छैन । खासगरी नेपाली रसिक कविहरू भारतीय लेखक साहित्यकारहरूसँगको सरसम्पर्कमा पुगेपछि र तत्कालीन सम्भ्रान्त वर्गका बैठक महफिलहरूमा गजलको स्वाद चाखेपछि गजल लेखनतिर प्रवृत्त भएको बुझिन्छ । लयबद्ध सिर्जना भएकाले पद्यकविताजस्तै गजलको सौन्दर्य र मिठास पनि पठनमा होइन, श्रवणमै लुकेको छ । भनिन्छ, उर्दू भाषामा गजलको अर्थ 'प्रेमीसँगको कुराकानी' हुन्छ । सूफी सन्तहरूले 'प्रेमी' अर्थात् 'ईश्वर' वा 'अल्लाह' सँग गर्ने भक्तिनिवेदन, प्रेमयाचना वा आध्यात्मिक वार्तालाप/कुराकानी नै गजलको पूर्वरूप हो । त्यसकारण पौरस्त्य साहित्यशास्त्रको भाषामा भन्ने हो भने गजल देवादिविषयक रतिभाव (देवता, गुरु वा मान्यजनप्रतिको अनुराग) ले ओतप्रोत रचना हो । तर कालान्तरमा लौकिक वासनासम्पन्न कविहरूले समेत कलम चलाउन थालेपछि गजल 'लौकिक प्रेमी/प्रेमिकाको प्रणयालाप' मा सीमित हुन थाल्यो र शृङ्गार रस एवम् रतिभाव, त्यसमा पनि विप्रलम्भ (वियोग) शृङ्गार अधिक व्यक्त हुन थाल्यो । वर्तमानमा आएर गजलमा विभिन्न रसभावहरूको समावेश हुँदै गएको र यसले कविताविधाभित्र एउटा अलग र सशक्त उपविधाको स्वरूप निर्माण गरिसकेको देखिन्छ । यही परम्परामा कवि वीरेन्द्र केसीको 'फिपीको देशमा डाँफेको गुन्जन' गजल सङ्ग्रह प्रकाशित हुँदै छ ।

वीरेन्द्र केसी नेपाली कविता विधाका उदीयमान हस्ताक्षर हुनुहुन्छ । उहाँको 'आमाको काखमा दुखेको देश' २०७८ सालमा प्रकाशित भएको थियो । सौभाग्यले यसै वर्ष अर्को कृतिका रूपमा प्रस्तुत गजलकृति पनि प्रकाशित हुँदैछ । यसरी एकै र्ष दुईवटा कविताकृति प्रकाशित गर्न सफल केसीको साहित्यलेखन मात्रात्मक रूपमा पनि गतिशील रहेको प्रमाणित हुन्छ । स सङ्ग्रहमा विभिन्न लयमा निबद्ध एक सय बीसवटा गजलहरू सङ्गृहीत छन् । कवि केसी कवितामा जस्तै गजलमा पनि म, प्रणय, मानवता, समाजसुधार र राष्ट्रवादको भावनाले ओतप्रोत देखा पर्नुहुन्छ । उहाँका गजलहरू आन्तरिक लयसौन्दर्यले म्पन्न छन् र नेपाली गजलको परम्परामा नयाँ पहिचान निर्माण गर्न सक्षम छन् । म कवि/गजलकार केसीको गजललेखनले र्वा उचाइ प्राप्त गरोस् र उहाँको कृतिप्रकाशनको क्रम निरन्तर रहोस् भन्ने हार्दिक शुभकामना अर्पण गर्दछु ।

(प्रा.डा. सुधनकुमार पौडेल)
कार्यकारी निर्देशक

कार्यकारी निर्देशक
ने.सं.वि. अनुसन्धान केन्द्र

# शुभ–कामना !



डा. वीरेन्द्र केसीज्युको यो नयाँ गजल संग्रहले नेपाली साहित्यमा थप ऊर्जा प्रवाहित गर्नुको साथै, पाठकको अन्तर्मनलाई छुन्छ । विदेशमा रहेर पनि उहाँको आफ्नो देश र भाषा प्रतिको माया अत्यन्तै सराहनीय छ । भविष्यमा यस्तै कृतिहरू आई राखोस् भन्ने शुभकामनासहित कोटीकोटी धन्यवाद ।

डा. कृष्णचन्द्र प्रसाद साह

# भूमिका:
# समाज र जीवनका गजल



वीरेन्द्र के.सी. नेपाली भाषासाहित्यका एउटा सिर्जनशील तन्नेरी स्रष्टा । पेसाले सिँचाइ इन्जिनियर हुन् उनी । नेपालकै ठूलो उपत्यका दाङको तुल्सीपुर बजारकै सीमावर्ती गाउँमा जन्मिए पनि उनको पुर्ख्यौली थलो हो रोल्पाको जुँगार । अहिले उनको कर्मथलो बनेको छ, विश्वको पूर्वी भूगोलमा पर्ने देश न्युजिल्यान्ड । यतिबेला उनको बसाइँ, जागिर, परिवार सबै उतै । विगत करिब आठ वर्षदेखि देशबाहिरै रहेका भए पनि उनको आँखाभरि नेपालको उज्यालो–अँध्यारो तस्बिर र मनमुटुभित्र नेपालको माया विराजमान भएर बसेको छ । उनी नेपाली साहित्यका क्षेत्रमा भने नयाँ प्रतिभा हुन् भन्दा अत्युक्ति हुँदैन । त्यसो त उनले दाङको तुल्सीपुरस्थित महेन्द्र माध्यमिक विद्यालयमा आठ कक्षामा पढ्दै गर्दा दुई वटा कविता लेखेका थिए । तत्कालीन नेपाली भाषाका उनका शिक्षक तथा प्रधान अध्यापक विष्णुप्रसाद शर्माले उनलाई प्रोत्साहन पनि गरेका हुन् सिर्जना कर्ममा लाग्न वा लागिरहन तर माथिल्ला कक्षाका साहित्येत्तर विषयका निरस पाठ्यक्रम र तिनका उद्देश्यहरूलाई भेट्नु-

पर्ने स्थितिहरूबीच उनको सिर्जनशील प्रतिभामा अल्पविराम लाग्यो । बाह्र वर्षपछि खोला पनि फर्कन्छ भनेभैंm अहिले वीरेन्द्रको सिर्जनात्मक प्रतिभाले फेरि बाटो पहिल्याउन खोज्दैछ । त्यसैको परिणति हो यसअघि प्रकाशित उनको पुस्तकाकार कृति 'आमाको काखमा दुखेको देश' नामक कवितासङ्ग्रह अनि यो प्रकाशनको सङ्घारमा उभिएको गजलसङ्ग्रह, 'किवीको देशमा डाँफेको गुञ्जन' । यी पुस्तकाकार कृतिबाहेक उनका फुटकर रचनाहरू दाङको अन्तर्ध्वनि साहित्यिक पत्रिका, काठमाडौंको साहित्यपोस्ट साहित्यिक अनलाइन पत्रिका आदिमा पनि प्रकाशित भएका छन् ।

वीरेन्द्र के.सी.को 'किवीको देशमा डाँफेको गुञ्जन' नेपालीमा लेखिएका विभिन्न भावमा आधारित गजलहरूको सङ्ग्रह हो । यसमा उनका विभिन्न परिवेश र भाव–सन्दर्भका एक सय बढी गजलहरू समेटिएका छन् । सिर्जनात्मक कर्ममा लागेको छोटो अवधिमै सङ्ग्रह प्रकाशन गर्न सफल हुनु आफैँमा सुखद् सन्दर्भ हो । यसभित्र समाविष्ट गजलहरूका बारेमा चर्चा गर्नुअघि यहाँ नेपाली गजलको परम्पराका बारेमा पनि केही टिप्पणी गर्नु सान्दर्भिक हुनेछ ।

विश्व साहित्यमा गजल अरबी साहित्य र संस्कृतिको देन हो । अरबी साहित्यको अति लोकप्रिय काव्य विधा कसिदा (एक प्रकारको प्रशंसा काव्य वा स्तुति काव्य) को गर्भबाट गजल जन्मिएको तथा समयको परिवर्तनसँगै यसको भावविन्यास, लयविधान र शिल्पगत प्रस्तुतिमा समेत कतिपय परिवर्तनहरू हुँदाहुँदै पनि गजलको मौलिक विधागत स्वरूप भने आजसम्म विद्यमान रहेको तथ्यलाई पनि बिर्सन मिल्दैन । कसिदामा तस्बिब, गुरेज, मक्सद र दुआ गरी चार भाग रहने गरेको र तीमध्ये प्रणयजन्य भावसँग सम्बन्धित पहिलो भागका रूपमा रहेको चार हरफको तस्बिब भागबाट गजलको जन्म भएको मानिएको छ । यसरी ऐतिहासिक दृष्टिले गजल कसिदाको सिर्जनात्मक सन्तानका रूपमा रहेको देखिन्छ तापनि आफ्नै मौलिक संरचना विधान र सौन्दर्य शक्तिका कारण यसले आज साहित्यका अन्य विधाभन्दा पृथक् पहिचान

बनाउन सफल भएको छ । सङ्गीतसँगको यसको तादात्म्य र वंशानुगत सम्बन्ध त झन् जगजाहेर छ ।

ऐतिहासिक परिप्रेक्ष्यमा गजल अरबीबाट फारसी भाषामा आयो । त्यसपछि हिन्दी भाषामा अनि उर्दूमा । अरबीमा यो त्यति लोकप्रिय भएन, जति फारसीमा भयो । फारसीभन्दा उर्दूमा यसले प्राप्त गरेको लोकप्रियता त झन् अति नै लोभलाग्दो र अभूतपूर्व छ । उर्दूभन्दा हिन्दीमा पहिले लेखिएको भए तापनि उर्दू गजलको लोकप्रियताका कारण कतिपयले आजसम्म पनि उर्दूभन्दा हिन्दी गजलको इतिहास पछि प्रारम्भ भएको मान्दछन् ।

नेपाली भाषामा गजलको प्रणेता मोतीराम भट्ट मानिन्छन् । उनीबाटै वि.सं. १९४० पछि नेपाली भाषामा गजलको सिर्जना भएको कुरालाई धेरैले स्वीकार गरेका छन्, यद्यपि उनको कुन चाहिँ गजल नेपाली भाषाको पहिलो गजल हो भन्ने सर्वस्वीकार्य तथ्य भने बाहिर आउन सकेको देखिदैन । भट्टसँगै उनका मण्डलीका अन्य कविहरूले पनि गजल लेखेका छन् भने उनीपछिका शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर प्रभृत्ति माध्यमिककालीन स्रष्टाहरूले पनि नेपाली गजलको सिर्जनामा पसिना बगाएका छन् । मोतीरामदेखि आजसम्म आइपुग्दा हजारौँ नेपाली स्रष्टाले नेपाली गजलको विधागत उन्नयनमा महत्त्वपूर्ण योगदान गरेका छन् । संयोगको कुरो, वि.सं. १९६५ मा गायक सेतुरामको स्वरमा कलकत्तामा रेकर्ड भएको मोतीरामको 'यता हेऱ्यो यतै नजर्‌मा राम प्यारा छन्' भन्ने गजल नै नेपाली भाषामा रेकर्ड भएको पहिलो साङ्गीतिक रचना मानिएको छ । यसबाट नै नेपाली सङ्गीतको इतिहासमा रेकर्ड गर्ने परम्पराको प्रारम्भ भएको हो । यसरी नेपाली सङ्गीतको इतिहासमा गजलको आफ्नै विशिष्ट योगदान रहेको छ ।

नेपाली गजलको परम्परामा शास्त्रीय बहरबद्ध गजलहरू निकै कम लेखिएका छन् । कतिपयले लोकलयमा आधारित गजल पनि लेखेका छन् तर वर्तमान समयमा सबैभन्दा बढी आक्षरिक लयमा आबद्ध गजलहरू लेखिएका छन् । संस्कृत छन्द, शास्त्रीय बहर र मात्रिक

बहरको प्रयोग नगरी स्वतन्त्र रूपले विभिन्न आक्षरिक लयको आयोजना गरी लेखिने गजलहरू यसभित्र पर्दछन् । पछिल्लो समयका हिन्दी, नेपाली र अन्य भाषामा पनि आक्षरिक लयका गजल धेरै लेखिएका छन् । आज गजलमा आक्षरिक लयको प्रयोग गाउन बन्ने सीमासम्म स्वीकृत र स्थापितसमेत भइसकेको छ । त्यसो त गजलमा विभिन्न प्रयोगहरू पनि हुँदै आएका छन् । प्रयोग लयसिर्जनामा मात्र नभएर शिल्पगत संरचना विधानमा पनि भएको पाइन्छ । अरबी अरूजशास्त्रले निर्देश गरेका बहरभन्दा फरक संस्कृत छन्द, मात्रिक छन्द र आक्षरिक लयको आयोजना सबै नवीन प्रयोगकै उदाहरण हुन् भने आजाद गजल, गजलनुमा, दोहा गजल, सबैया गजल, गजलकथा, मुअर्रा गजल, नस्री गजलजस्ता प्रयोग पनि अन्य दृष्टान्त हुन् । सन् १९४५ मा उर्दूका मूर्धन्य सायर मजहर इमामले सर्वप्रथम आजाद गजल लेखेका थिए, त्यसपछि अरू धेरै सायरहरू त्यसमा मिसिए । गजलका क्षेत्रमा देखिएका अन्य प्रयोगमा पनि धेरै स्थापित सायरहरूको नाम जोडिएको छ । यसरी गजलका क्षेत्रमा विविध प्रकृतिका प्रयोग हुने गरेका छन् । प्रयोग कुनै पनि विधामा हुनसक्छ, यद्यपि त्यो अर्थपूर्ण र सिर्जनात्मक हुनु जरूरी हुन्छ । नेपाली गजलका क्षेत्रमा भने यसबारेमा विमर्श हुन अझै बाँकी देखिएको छ ।

प्रस्तुत सङ्ग्रहका गजलकार डा. वीरेन्द्र केसीले आफ्ना सबै गजलमा आक्षरिक लयको आयोजना गरेका छन् । संरचनाका दृष्टिले उनका अधिकांश गजलहरू चार र पाँच सेरमा आबद्ध रहेका छन् भने केही गजलमा कम र बढी सेर पनि विद्यमान छन् । उनले गजलको संरचना विधानमा आवश्यक पर्ने काफिया र रदिफ दुवैको प्रयोग गरेका छन् । उनका कतिपय गजलमा काफिया मात्र प्रयोग गरिएको छ भने अधिकांश गजलमा काफिया र रदिफ दुवैको प्रयोग पाइन्छ । उनले मकता प्रयोगमा भने खासै रूचि देखाएका छैनन् । भाषिक संरचनाका दृष्टिले उनका गजलमा सरल र बोधगम्य अभिव्यक्ति भेटिन्छ भने चलनचल्तीका शब्दहरूको प्रयोगले उनका रचना पठनीय बनेका छन् ।

डा. वीरेद्र केसीका गजल भाव विविधताका दृष्टिले उल्लेखनीय रहेका छन् । उनका गजलमा राष्ट्रप्रेमका स्वरहरू पनि मुखरित भएका छन् भने देशभक्तिका भावहरू पनि प्रकट भएका छन् । उनका गजलमा भूकम्पजस्ता प्राकृतिक प्रकोपजन्य प्रहारका चोटहरूको पनि चित्रण भएको छ भने सिद्धहस्त कलाकार गोपाल योञ्जनजस्ता अग्रजहरूप्रति सम्मानका भाव पनि प्रस्तुत छन् । उनका गजलमा प्रेमप्रणयजन्य गुनासा, आग्रह र सुस्केराहरू पनि सुसेलिएका छन् भने निम्न वर्गप्रति तीव्र सहानुभूति र मानवीय मूल्यको अन्वेषण पनि गरिएको छ । उनका गजलमा प्रकृति-प्रेम, आध्यात्मिक विश्वास, भाग्यवादी चेतना र सामाजिक सरोकारहरू पनि विषय बनेर आएका छन् भने समाजमा विद्यमान राजनीतिक, साँस्कृतिक, आर्थिक क्षेत्रका वहुविध विकृति, विसङ्गति र विद्रुपताहरूप्रति तीखो व्यङ्ग्य पनि प्रहार भएको पाइन्छ ।

उनका गजलमा आमाप्रतिका श्रद्धा भाव र सम्मान पनि अभिव्यक्त भएको देखिन्छ भने पूँजीवादी चिन्तन र उपभोक्तावादी संस्कृतिका अँध्यारा आयामहरूको पर्दाफास पनि गरिएको छ । उनका गजलमा समाजमा धनपैसाले गर्दा बिग्रिएको मानवीय सम्बन्धप्रति चिन्ता प्रकट भएको छ भने बाल्यकालका मधुर स्मृतिहरू पनि प्रतिबिम्बित भएका छन् । उनका गजलमा समाजमा विद्यमान वर्गीय असमानताको चित्रण भएको छ भने डरलाग्दो मानवीय मूल्य विघटनको तस्बिर पनि उद्घाटन गरिएको छ । उनका गजलमा जनताप्रति अनुदार राजनीतिक नेतृत्वको चरम सत्तालिप्साप्रति कठोर आलोचना र नक्कली अधिकारकर्मीको चरित्र अनावरण गरिएको छ भने सामाजिक न्याय र परिवर्तनको आकाङ्क्षालाई पनि अभिव्यक्त गरिएको छ ।

यसरी गजलकार डा. केसीका गजलमा समकालीन समाजका विभिन्न स्थितिहरूको सरल भाषामा चित्रण गरिएको छ भने जीवनका वहुविध अनुभूति, चिन्तन र सपनाहरूलाई पनि उत्तिकै स्थान दिइएको छ । समग्रमा उनका गजलहरू जीवन, समाज र समयका विभिन्न विषय तथा सन्दर्भलाई सम्प्रेषणीय शैलीमा अभिव्यक्त गर्न सफल देखिएका

छन् । सिर्जना कर्म सधैँ अपूर्णताबाट पूर्णता तथा अप्राप्तिबाट प्राप्तिको यात्रामा अनवरत रूपले अगाडि बढ्ने हुनाले त्यसमा केही न केही सीमा हुनु कुनै अस्वाभाविक होइन । डा. केसीका रचनाहरूका पनि आफ्नै प्रकृतिका सीमा छन् । उनी आगामी दिनमा आफ्ना सीमा भत्काएर अझै गतिशील भएर अगाडि बढ्दै जाने आशा र विश्वास गरौँ । उनी अहिले त आजको एउटा लोकप्रिय विधा गजल सिर्जनाको आधारशिविरमै उत्साहपूर्वक उभिएका छन्, उनलाई अक्षरयात्राको सगरमाथा आरोहण गर्नु छ । उनको सिर्जनशील उत्साह र सङ्कल्प अझै बढ्दै जाओस् । उनीबाट नेपाली गजल साहित्यले सुन्दर रचनाहरू प्राप्त गर्न सकोस् । प्रस्तुत कृति प्रकाशनका अवसरमा म उनलाई हार्दिक बधाईसहित शुभकामना दिन्छु ।

टीकाराम उदासी

अध्यक्ष

राप्ती साहित्य परिषद्

# लेखकीय

यसअघि प्रकाशित मेरो पहिलो कृति 'आमाको काखमा दुखेको देश' कविता संग्रहमा उल्लेख गरेझैँ मैले महेन्द्र मा. वि. तुलसीपुर दाङमा कक्षा ८ मा पढ्दा पहिलो पल्ट दुई वटा कविता लेखेको थिएँ । कुनै एक दिन कविता लेखेकै कापीमा नेपाली विषयको गृहकार्य गरेर हामीलाई नेपाली विषय पढाउने तात्कालीन प्रधानाध्यापक विष्णुप्रसाद शर्मालाई बुझाएको रहेछु । अर्को दिन कापी फिर्ता गर्दा सरले मेरा कविताहरूको प्रशंसा गर्दै लेखनलाई निरन्तरता दिनू भनेर सल्लाह दिनु भएको थियो। त्यो घटना नै मलाई साहित्य लेखनमा प्रेरित गर्ने पहिलो घटना थियो। मैले लेखेका कविता र गजलहरू मन पराएर लेखनलाई अगाडि बढाउन आमा-बुबा र सासुआमा-ससुराबुवाले सधैँ हौसला दिँदै आउनुभएको छ। साथीभाइहरूले पनि मेरो लेखनप्रति सदा सकारात्मक भाव देखाउँदै आउनुभएको छ । यी कुराहरूले मलाई लेख्न ऊर्जा थप्दै आएका छन्। मेरो लेखनमा सबैभन्दा बढी साथ दिने र यो संग्रह निकाल्न हौसला दिने मेरी श्रीमती डा. सरिता केसी हुन् ।

यस गजल संग्रह 'किवीको देशमा डाँफेको गुञ्जन'भित्र एक सय पैँतीस वटा गजल संग्रहित छन् । यस संग्रहमा समावेश गरिएका गजलहरू स्वतन्त्र र लोक लयमा लेखिएका छन् । यी गजलहरूमा आमा–बुवा, आफन्त र आफ्नो देशप्रति मनभित्र उब्जेका प्रेमभावहरू तरंगित भएको देख्न सकिन्छ । यी रचनाहरूमार्फत समाजमा सकारात्मक सन्देश दिने प्रयास गरेको छु । डा. कृष्णहरि बराल, डा. घनश्याम परिश्रमी लगायतका नेपाली गजल क्षेत्रका अग्रज गजलकार, सहकर्मी र अनुजका

रचनाहरूबाट प्रभावित भएर उहाँहरूप्रति समर्पित केही गजलहरू पनि यस संग्रहमा समावेश गरेको छु । कविता र गजल लेखनमार्फत साहित्यिक आँगनमा भर्खर मात्र प्रवेश गरेको हुँदा केही कमजोरी भएका हुन सक्छन् । मेरो प्रयासलाई सचेत पाठकहरूले फुल्दै गरेको फूल सम्झेर मायाले मनन् गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

यस गजल संग्रहमा गजलका ज्ञाता साहित्यकार राप्ती साहित्य परिषद्का अध्यक्ष टीकाराम उदासीज्यूले भूमिका लेखिदिनु भएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शुभकामना लेखिदिनुहुने नेपाली भाषाका ज्ञाता साहित्यकार नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक तथा नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित हुने गद्यप्रधान समकालीन साहित्यका कार्यकारी सम्पादक प्रा. डा. सुधनकुमार पौडेलज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै शुभकामना लेखिदिनुहुने ई. डा. कृष्णचन्द्र प्रसाद साहप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रकाशनको सम्पूर्ण जिम्मा लिई भाषा सम्पादन गरिदिनुहुने साहित्यपोस्टका प्रधानसम्पादक तथा चर्चित साहित्यकार अश्विनी कोइरालाज्यू र सुन्दर आवरण बनाइदिनु हुने बाबु साइँलाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । गजल लेखनमा अल्झो फुकाउन सहयोग गर्नु हुने टीकाराम उदासी र दीप मिलनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै यो कृति प्रकाशनको लागि आवश्यक अर्थ बेहोर्नु हुने मेरा सासुआमा-ससुराबुवाप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा मेरा आमाबुवाप्रति सम्मान, मलाई साहित्य लेखनमा हमेशा साथ र हौसला दिइरहने मेरी श्रीमती डा. सरिता केसी र दुई छोरीहरू यशस्वी र आरोही केसीप्रति अथाह माया व्यक्त गर्दछु । त्यस्तै मेरो ले खनमा रूचि राख्ने मेरी दिदी रीता र बहिनी सीता केसी, भाइहरू डा. रेमन्त र भूप केसीप्रति माया व्यक्त गर्दछु ।

डा. वीरेन्द्र केसी

# गजल–क्रम

स्वतन्त्र गजल


१. मलाई मेरै नेपाल प्यारो २७
२. भूकम्पको पीडा २८
३. विछोडको पीडा २९
४. मरिसके आशाहरू ३०
५. के को मजा ! ३१
६. अन्तिमसम्म ३२
७. प्रेमीको अपेक्षा ३३
८. जीवन बग्नु पर्छ ३४
९. प्रियाको बानी ३५
१०. बैरीको आँखा परेको बेला ३६
११. दृष्टि ३७
१२. कोही त आइदेऊ ३८
१३. कहिले आउला त्यो दिन ३९
१४. चरी विचरी ४०
१५. अमृत वचन ४१
१६. धोका ४२
१७. गरिबीको कथा ४३

१८. मेरी सरिता ४४
१९. मेरी सानु ४५
२०. कोशीको हावा ४६
२१. तिमी हाँस्न छाड्यौ भने ४७
२२. सहिदको सोधनी ४८
२३. सिन्दुरमा पति ४९
२४. कोही बिथोल्न आए ५०
२५. म मर्नुअघि ५१
२६. आत्मा मर्दैन ५२
२७. भजौं महिमा सीतारामको ५३
२८. समानताका कुरा गर्छन् ५४
२९. प्रयास ५५
३०. विदेशिने रहर ५६
३१. आमाको काख ५७
३२. बुद्ध खेल्ने थलो ५८
३३. पैसा नहुँदा ५९
३४. बच्पनमा सँगै खेलेको साथी ६०
३५. नजिर ६१
३६. बोलाउँला मायाले ६२
३७. तिमी नपाए ६३
३८. सफलता ६४
३९. बादल बनेर आँशु ६५
४०. छोरीको महिनावारी ६६
४१. गजल बोल्नु गर्छ ६७

४२. म मरेकी हुँ ६८
४३. बाहिर घुम्न जाऊ ६९
४४. मरेको हुँ ७०
४५. नभन्नू है पागल ७१
४६. वर्षौंको माया तोडेर ७२
४७. ए आँखा ७३
४८. गुजारा ७४
४९. आमाको कोख ७५
५०. विदेशिएको छोरो ७६
५१. कष्टैकष्ट झेल्नु पर्दा ७७
५२. गरिबको जीवन ७८
५३. आमाको भर ७९
५४. सहारा ८०
५५. मालिकको मन ८१
५६. धनीको घमण्ड ८२
५७. रक्तदान ८३
५८. शासनको रस ८४
५९. अँध्यारो हट्नेछ ८५
६०. विवाहित चिनिन ८६
६१. पजेरो र प्राडो प्रथा ८७
६२. संकोच रहेन बाँकी ८८
६३. भो छोरा नजाऊँ अब ८९
६४. चुलो बन्न मन लाग्छ ९०
६५. मजा ९१

| | | |
|---|---|---|
| ६६. | रस मिठो स्वर्गीय सेवामा | ९२ |
| ६७. | गाउँको भोक | ९३ |
| ६८. | गुनलाई बिर्सिदियौ | ९४ |
| ६९. | पागल बनिदिऊँ कि | ९५ |
| ७०. | जान्न मन छ | ९६ |
| ७१. | खै के छ खास | ९७ |
| ७२. | आधा रहेछ | ९८ |
| ७३. | ढुङ्गा हान्न जान्नुपर्छ | ९९ |
| ७४. | संसार | १०० |
| ७५. | चन्द्रमा झैँ उदाउँछ्यौ तिमी | १०१ |
| ७६. | चिन्न जाने पुग्छ | १०२ |
| ७७. | हजुरको नाम लिऊन् | १०३ |
| ७८. | जसले छोरी गर्भमै मार्‍यो | १०४ |
| ७९. | वाचा | १०५ |
| ८०. | किन दसतिर माया बसायौ ? | १०६ |
| ८१. | के बनुँ म ? | १०७ |
| ८२. | याद आउँछ | १०८ |
| ८३. | स्वामीज्यूका जुँगा | १०९ |
| ८४. | यो कस्तो आधुनिकता | ११० |
| ८५. | स्वामीज्यूलाई मनपर्ने | १११ |
| ८६. | एक बित्ता जमिन | ११२ |
| ८७. | मैले कुँदेको मूर्ति | ११३ |
| ८८. | शिरको फूल | ११४ |
| ८९. | तिमी तर्कियौ | ११५ |

९०. तातो हावाको देश १९६
९१. सानी छोरी ११७
९२. कोही भन्छन् ११८
९३. राजा जस्ता भएनन् ११९
९४. घर-घरको धुरी १२०
९५. लज्जा १२१
९६. हवाई जहाज १२२
९७. किसानको आँशु १२३
९८. जात बेच्दैछ १२४
९९. काल १२५
१००. कोरोना कहर १२६

## लोक छन्दमा आधारित गजल

### झ्याउरे छन्द

१. हाँसेर हार्नु १२९
२. राजनीतिज्ञ १३०
३. नसोध साथी हो १३१
४. बन्दुक बोकेर १३२
५. जाँदैछौ तिमी १३३
६. बाबाको कहानी १३४
७. निद चोरेर १३५
८. पागल १३६
९. रामायण १३७

## सवाई छन्द


१. जसलाई दिएँ मुटु १३९
२. प्रवासमा तीज तिहार १४०
३. निर्मोहीको वचन १४१
४. तुइन १४२
५. नर्क १४३


## बालोरी छन्द (१४ अक्षर)


१. फर्की आऊ नेपाल १४४
२. बाल स्वभाव १४५
३. देश राम्रो नेपाल १४६
४. नेपालको महिमा १४७
५. ताली १४८


## बालोरी छन्द (१३ अक्षर)


१. पुतली १४९
२. भमरा १५०
३. माहुरी १५१
४. खरायो १५२
५. गौँथली १५३


## बालोरी छन्द (७ अक्षर)


१. नानी १५४
२. कापी किताब १५५

३. छोरीको चाह १५६

बालोरी छन्द (६ अक्षर)

१. धाम १५७
२. असमानता १५८
३. हे पुतली सुन १५९

६ अक्षरका गजल

१. हुन्न उँच नीच १६०
२. नबिर्सिऔँ कैले १६१
३. नेपालको चित्र १६२

७ अक्षरका गजल

१. याद १६३
२. निर्भरता १६४

# स्वतन्त्र गजल

# १. मलाई मेरै नेपाल प्यारो

शान्ति छर्छ देश मेरो गोली बारूद चले पनि
मलाई मेरै नेपाल प्यारो रोग र भोकले ढले पनि

नसामा छन् कोशी काली जन्मेको ठाउँ मुटुमा छ
धरहरा त्यो शिर मेरो दरबार त्यो नौ तले पनि

खुसी खोज्ने लहरमा पर पुगे पनि प्रवाससम्म
मन भन्छ वेश जन्मेकै देश भाविले नै छले पनि

स्वीकार छैन निगाहा कसैको स्वाभिमानी नेपाली हुँ
खियाउँछु नङ्ग्रा बजाछु पाखुरा शरीर यो गले पनि

के बिर्सन्थें डाँफे मुनाल सगरमाथा अपि सैपाल
श्रीखण्ड कपुरको सुगन्ध छ मैं चितामा जले पनि ।

# २. भूकम्पको पीडा

न गाह्रो न छानो पिउने पानी देखिदैन
रोकिँदैन आँशु तर आँशुले प्यास मेटिदैन

चामल पिठो नुनै छैन, सिटामोलको कुरै छोडौँ
छन त छ टेन्ट तर घाम शीत पनि छेकिदैन

चिसा रात छिँडीको बास सरकार आई जान्छ हेरी
हेर्नेलाई भत्ता भतेर हाम्लाई टालो लेखिदैन

दैव पनि वैरी हुन्छ कुन्नी किन निमुखालाई
सोधुँ भने मैले पुज्ने देउता कतै भेटिँदैन ।

## ३. विछोडको पीडा

न तिमीलाई छुन सकैँ न तिम्रो घाउ धुन सकैँ
रून त म सधैँ रोएँ तर न सँगै रून सकैँ

चर्को घामले तिम्लाई छुँदा भन्थैँ शितल हावा बन्छु
हावाको त के कुरा भो न पात हम्की छुन सकैँ

अँध्यारोले तिमीलाई छोप्दा भन्थैँ जून बनी आउँला
जून बन्नु त परको कुरा न जूनकीरी नै हुन सकैँ

मलाई छोडी गए पनि तारा सँगै आउँछ्यौ कि भनी
हरेक रात आकाशका सबै गनेर तारा जून सकैँ ।

# ४. मरिसके आशाहरू

नजर भरी देख्छु सबै जंजीर पासाका नाताहरू
कति जिउनु रूँदै यहाँ मरिसके सबै आशाहरू

खुशी माग्न मन्दिर गए रूनु लेख्या छ रे मलाई
कुन पापीले छुट्याइदियो मलाई मेरा खासाहरू

झ्याल खोली रातभरि आकासमा जून तारा हेर्दै
सँगै गरेका ती जिउने मर्ने भुली उसले बाचाहरू

गरेको थेँ माया जसलाई जन्म दिने आमाको झैँ
उस्ले नै दिई मुटुभरि चोटैचोटका खाटाहरू

गुँड बिग्रेको भए बनाउँथे कि बस्ने हाँगै भाँचिएछ
गल्ती रैछ भगवान् तेरो मान्छे बनाउने साँचाहरू ।

# ५. के को मजा !

हुँदैन रस जिन्दगीको ईर्ष्यालुका घात भएन भने
के को मजा नदी तर्नु बाढी भेल सहेन भने

दुई चार चोटमा रूनु पर्दा हाँस्नै भुलेँ नभन है
आकाश सफा कहाँ हुन्छ आँधिवेरी गएन भने

काँडा रोपी फूल फुलाउन इनार खन्ने यात्रा तिम्रो
न रोक्नु है मरूभूमिमा थोपा पानी बचेन भने

फलाम मूर्ति कहाँ बन्छ र कुनै चोट नखाँदासम्म
कोपिला पनि फूल बन्दैन उसमा झरी झरेन भने

न सराप बतासलाई बत्ती निभ्ने कारण ठानी
कसरी हो जिउने सोच चन्द्रसूर्य रहेन भने ।

# ६. अन्तिमसम्म

थालेको यात्रा पुऱ्याएरै छोड्छौं अन्तिमसम्म
बाटोमा पहाड आए नि फोड्छौं अन्तिमसम्म

कोसिस गर्दा पनि सिधा सफर सफल नभए
लक्ष्यमा पुग्न सफर नै मोड्छौं अन्तिमसम्म

सुरूमा जो जित्यो, आधा जितेर किन ऊ हाऱ्यो
जित्नलाई हार्नुका कारण सब गोड्छौं अन्तिमसम्म

रिस गर्ने र खुट्टा तान्नेहरूको कमी छैन यहाँ
बैरी ती सबका तगारो तोड्छौं अन्तिमसम्म

जिन्दगीका हर परीक्षा बुझेर को किन विजेता बने
उनीझैँ जितेर इतिहास जोड्छौं अन्तिमसम्म ।

# ७. प्रेमीको अपेक्षा

लाली आफैँ गाली आफैँ गाजल आफैँ लाऊ सानु
सिन्दुर भने म हाल्दिउँला नखोजन भाउ सानु

कानमा झुम्का नाकमा फुली लाउने भए लाऊ आफैँ
चुरा भने म लाइदिउँला नबनाई कत्ति घाउ सानु

श्रृङ्गार पटार जे जति गर्नुछ तिमी आफैँले गरे पनि
पाउजु चाहिँ म बान्दिउँला देऊ न तिम्रा पाउ सानु

कोरीबाटी टीका सारी मेहन्दी पनि आफैँ लाए हुन्छ
चोली लाउँदा तुना भने म बान्दिउँला वर आऊ सानु

भरी बैंश गरी श्रृङ्गार लजाई तिमी मलाई हेर्छ्यौ
मैले भने खोज्छु सधैं तिम्लाई छुने दाउ सानु ।

# ८. जीवन बग्नु पर्छ

(गीतकार/संगीतकार/गायक गोपाल योञ्जनमा समर्पित)

जीवन बग्नु पर्छ भन्छन्, ताल जस्तो रोकी नबस्नु साथी
हिँड्नु बनेर छाल छहरा, उद्यमबिना रमी नबस्नु साथी

सहजै कहाँ के पो मिल्छ र, नफोर्दै पहरा निमेष नरोकिनु
बग्नु नदीझैँ निरन्तर, पुगे नि सागर रती नबस्नु साथी

छुनु नै छ जून यदि भने, बरफ नबन्नु बन्नु बाफजस्तो
उडनु क्षितिज पारि निरन्तर, शित बनी नबस्नु साथी

विज बिष भित्रै भए पनि, नहारी पिउनु बिष हाँसी रम्दै
मानव हौ सचेत जगमै, जीवन असफल पारी नबस्नु साथी ।

# ९. प्रियाको बानी

बिहान सबेरै उठेर नुहाउने मेरी प्रियाको मिठो बानी
मलाई भने बिउँझनलाई चाहिने उनको केशको पानी

भिजेको केश सँगै उनी आउँछिन् मेरो बिस्तारामा
अनि झार्छिन् केशको पानी यी आँखामा जानी जानी

नुहाई धुवाई सकेपछि उनी बस्छिन् श्रृङ्गार पटार गर्न
अनि लगाउँछिन् झुम्का पाउजु अनेकथरि छानी छानी

कोरीबाटी चुल्ठी पाउजु लगाई जब मलाई हेर्छिन्
यस्तो लाग्छ हेरिरहुँ उनलाई आँखा तानी तानी ।

# १०. बैरीको आँखा परेको बेला

आफ्नै पराई देखिँदा रहेछन् बैरीको आँखा परेको बेला
शत्रु हाँस्नुको कारण के खोज्नु आपसमै लडी मरेको बेला

दुश्मनको त कोसिसै हुन्छ अरूको हारमा होली मनाउने
आफ्नैले समेत छोडिदिए हात उर्लंदो नदी तरेको बेला

आफ्नाको माया आफ्नै हुन्छ दुश्मनको संगत नहुँदासम्म
मुस्किल तब हुन्छ दाजु–भाइ चिन्न पराइको रङ सरेको बेला

पर्खाइमै हुन्छन् दुश्मनहरू दाजुभाइबीच आशंका बढोस्
त्यहीबेला तीर चलाउँछन् उनी घरभित्र द्वेष भरेको बेला

पराइको जहिल्यै एउटै मन्त्र अरूको घर फोडी राज गर्ने
आफ्नैले समेत फोर्दिए छानो वर्षामा आकाश झरेको बेला ।

# ११. दृष्टि

रङ्गीबिरङ्गी जता हेऱ्यो देखिन्छन् रङ्गैरङ्गका मूलहरू
लिन जाने सुवास छर्छन् यहाँ प्लास्टिककै फूलहरू

जीवन अमूल्य छ सृष्टिमै स्वर्ग यही संसार हो
शिशिर यहीँ वसन्त ल्याउँछ दुःख नै सुखका तुलहरू

जन्मेपछि हरेक दिन जेष्ठ त त्यसै भएकै छौँ
श्रेष्ठ तर तब हुनेछौँ जब सुधार्नेछौँ भुलहरू

संसार सुन्दर फूलबारी हो बेली चमेली फुल्दछन्
पिरती साट्छन् गुलाबसँग लोभी भमराका हुलहरू

जुध्नु गुड्नु उड्नु छ जिन्दगीलाई जिताउन
सवल सक्षम प्रवल बनाऔँ जीवन यात्राका पुलहरू ।

# १२. कोही त आइदेऊ

कोही त आइदेऊ सबैका दु:खमा दानी बनेर
तृष्णा मेटाईदेऊ सबैका प्यासमा पानी बनेर

पाइलैपिच्छे बिझाउँछ्यौ भनी दोष दिन्छ उसले
जो सधैँ बस्छु भन्थ्यो यी आँखामा नानी बनेर

प्रेम सधैँ साँचो हुन्छ अमर अजर हुन्छ ठान्थेँ
थाहा थिएन कसैको प्रेम फेरिँदो रहेछ हानी बनेर

मेरो सिउँदो रङ्ग्याउँछु भन्थ्यो अर्कैलाई भित्र्यायो
खै कुन चेली गइहोला धोकेदबाजको रानी बनेर ।

## १३. कहिले आउला त्यो दिन

कहिले होला मजदुरको पसिनालाई गुन मिल्ने
बगरमा बालुवा चाल्दा बालुवामै सुन मिल्ने

विधुरको जिन्दगी भने भोलिपल्ट नै रंगेको छ
कहिले होला विधवालाई प्रेमको मधुर धुन मिल्ने

जिउभरि नै नुन छ चर्को भारी बोक्ने भरियाको
कहिले होला उस्ले खाने तरकारीलाई नुन मिल्ने

महलमा रात नै दिनभैँ विज्ञान त्यहाँ पुगेकै छ
कहिले होला झुपडीमा पूर्णिमामै पनि जून मिल्ने ।

# १४. चरी विचरी

एउटा गुँडमा जोडी चरा बस्थे घरजम गरी
शिकारीले ताकी हान्यो गोली थरीथरी

छातीमाथि गोली लाग्यो भुईंमा झऱ्यो चरो
चरी रून्छे बच्चासँग गुँडमा धरधरी

छट्पटिँदै घाइते चरो हेर्छ गुँडतिर
अनि हेर्छ शिकारीलाई दुवै आँखाभरी

आफैँसँग शिकार लिई शिकारी त गयो
रह्यो केवल गुँडमा भने नरोकिने झरी

मनमा चरो मुखमा चारो चरीको दिनचर्या
यसैगरी बिते दिन काला रात सरी

बच्चा हुर्के उडी गए चरी एक्लै गुँडमा
हेर्छे आकाश भन्छे म नि आउँछु चाँडै मरी ।

## १५. अमृत वचन

दिनले रातलाई रातले दिनलाई धकेले झैँ गरी
सुख दुःख आउँछन् जान्छन् यहाँ सधैं भरी

भन्छन् सुखमा नमात्तिनु नआत्तिनु दुःखमा
दुःख पीडा पर्दै टर्दै जान्छन् चेत छरी

उकालीमा उक्लनेलाई तान्नु समाई हात
नतान्नु नि खुट्टा कैले जितिन्न अरू झरी

तारिदिने पारि लरी को हो चिनिराख्नु
नबिर्सनु कैले पनि लौरो खोला तरी

रिस राग द्वेष जलन नगर्नु है कसैको
हाँसी जिउनु एक दिन जानु नै छ मरी ।

# १६. धोका

साथ दिन्छु भन्यौ तिमीले सासले जीवन छोडेपछि
यो नाताको के अर्थ भो लासले कात्रो ओढेपछि

पञ्चे बाजा बजाएर डोली ल्याई आउँछु भन्यौ
मसानघाटमा जिन्दगीले नयाँ नाता जोडेपछि

संसार जित्ने आँट थियो जब तिम्रो साथ थियो
अस्ताएँ म सधैँलाई तिमीले बाटो मोडेपछि

रोग भोकसँग मेरो ज्यानले कहाँ हाऱ्या हो र
म त टुटैँ बैगुनीले बाचा कसम तोडेपछि ।

# १७. गरिबीको कथा

कहिले आँधी आउँछ कहिले बाढी आउँछ
यहाँ हुरीले सधैँ हाम्रो छानो उडाउँछ

जहाँ जाउँ ओत छैन भन कहाँ चोट छैन
किन हाम्रो निधारमा गहिरो घाउ छ

जहाँ जाउँ मानो छैन दु:ख कहीँ सानो छैन
किन हाम्रो भाग्यमा पुरानो नाउ छ

बनाउँछु बुद्धु भनी हामीलाई बद्धु बनाइन्छ
किन हरेक पाइलामा असामी र साहु छ ।

# १८. मेरी सरिता

शिशिर हार्ने फूल बनेर तिमी आयौ मेरी सरिता
भर्दै रङ्ग मनको वनमा गीत गायौ मेरी सरिता

आए पैले जो जो अरू तनका धनका भोका जम्मै
गए तौली कोही बौली तिमी छायौ मेरी सरिता

खोज्दै थिएँ वर्षौंदेखि आयौ दिलको दैलो खोली
साटी धड्कन ननिभ्ने गरी माया लायौ मेरी सरिता

यो मनको निश्चल गगनमा जोडी ढुक्कुर बन्नलाई
दिगन्त सँगै जिउने मर्ने साथी पायौ मेरी सरिता ।

# १९. मेरी सानु

मेरा शब्द शब्द भित्र जँचेकी छौ मेरी सानु
गजल बनेर दिलमा बजेकी छौ मेरी सानु

रदिफ सहितको गजलमा रदिफ भित्र फुल्छौ
रदिफ नहुँदा काफियामा सजेकी छौ मेरी सानु

मतला पनि मकता पनि मेरा गजलकी तिमी
स्वतन्त्रमा पनि बहरमा पनि पचेकी छौ मेरी सानु

मिसरा ए उला अनि मिसरा ए सानी बनी
जीवनका मेरा सुकोमल शेर रचेकी छौ मेरी सानु ।

# २०. कोशीको हावा

मिठो लाग्छ कोशीको हावा शिरिरी
उस्तै मिठो सुवास दिन्छ वाइमा किरिरी

जब गुहार पातु सम्झन्छु हेर्छु रकैया
उस्तै लाग्छ खुसी हुन्छु बजाउँछु तिरिरी

तिम्रो छोरा हिलारी र हाम्रो तेन्जिङ
मिली गाडे चुचुरोमा झण्डा फिरिरी

पुग्छु जब माउन्ट कुक सेतो हिमाल
याद आउँछ हिउँको हुन्छ मुटु जिरिरी ।

(वाइमा किरिरी र रकैया न्युजिल्यान्डका नदीका नाउँ हुन् । माउन्ट कुक भने यहाँको एउटा प्रख्यात हिमाल हो । गुहार र पातु नेपालको दाङ जिल्लामा पर्ने नदीका नाम हुन् ।)

# २१. तिमी हाँस्न छाड्यौ भने

तिमीलाई छेउमा पाइन भने अनायासै मुटु रूक्छ
आउन सानु छेउमै बस व्यथा मेरो सबै लुक्छ

तिमीसँग सँगै जिउने सँगै मर्ने कसम खाँदै
सिन्दुर हाल्न पाइन भने सानु मेरो शिर झुक्छ

पाउजु लाउन नभुल्नु है सोह्र श्रृङ्गार गरेपछि
जसले तिम्रो पाउमा बसी हाम्रो माया प्रीति फुक्छ

भेट हुँदा मुस्कुराउनु छुट्टिँदा पनि मुस्कुराउनु
तिमी हाँस्न छाड्यौ भने पिरतीको मूल सुक्छ ।

# २२. सहिदको सोधनी

मेरी मायालुको रूप रङ देख्दा सर्माएर जून लुक्छ
उनका चुरा पाउजु बज्दा संगीतको धुन फुक्छ

मेरो देशका क्रान्तिकारी नेताहरू प्रायः सबै उस्तै
जसको हातमा परोस् मात्र देशको पुरै ढुकुटी सुक्छ

हाम्रो संस्कृति कला देख्दा गर्व लाग्छ हिमाल हेर्दा
तर बलात्कारका कुरा सुन्दा सर्माएर शिर झुक्छ

हिजो राति सपनीमा नेपाल आमा आइन् रूँदै
अनि सोधिन् विदेश जाने युवाको भेल कहिले रूक्छ

सहिदहरू आइसोध्छन् हरेक राति सपनीमा
लिम्पियाधुरा हाम्रो भन्न हाम्रै सरकार किन चुक्छ ।

# २३. सिन्दुरमा पति

सिन्दुरभित्र पति बोक्ने यहाँ यस्तै नै रीत छ
तिम्रो सिउँदोभित्र मेरो जिन्दगीको जीत छ

तिम्रो मुटुभित्र के छ त्यो म कसरी जानुँ
मेरो मुटुभित्र भने हामी दुईको गीत छ

परका त परै हुन्छन् आफ्नैले हो घोच्ने
जस्तो तिम्रो मेरोबीच मेरो आफ्नै मीत छ

तिम्रो घरको बाहिर बसी रात काटेँ कति
साक्षी जूनतारा सँगै दुबोमाथि शीत छ

हामी एक भएरै छोड्छौँ घोषणा भो आजै
हामीबीच जो छौँ हट यसमै तिम्रो हित छ ।

# २४. कोही बिथोल्न आए

भन्थिन् प्रियाले सम्हाल्न आउँला रानी बनेर
तर बिथोल्न पो आइन् जीवनमा आँधि बनेर

जन्ती लिएर लिन आउनु भनी मलाई बोलाउँदै
अर्कैसँग पो भागेर गैछन् उनी कहानी बनेर

स्वार्थी रहिछन् म बिरामी हुँदा भेट्नै आइनन् उनी
तर आतुर छिन् रे आउन म मरेँ भने मलामी बनेर

तिम्रो सम्भनामा म रूँदा आँशु पुछ्न नआए पनि
बिन्ती आउनु प्रिया मेरो अस्तु बगाउन बाढी बनेर ।

# २५. म मर्नुअघि

आमा भन्नुहुन्छ छोरा फर्की आए हुन्थ्यो म मर्नुअघि
म पनि यही सोच्छु देश फिर्न पाए हुन्थ्यो म मर्नुअघि

प्रवासमा जवानी सकेर फगत एउटै सपना देखेको छु
बस्, सन्ततिको मुहारमा खुसी छाए हुन्थ्यो म मर्नुअघि

कसम प्रवासमा मर्ने मनै छैन तर यदि मरेछु भने
सबैले जय जय नेपाल गीत गाए हुन्थ्यो म मर्नुअघि ।

# २६. आत्मा मर्दैन

आत्मा मर्दैन भन्छन् त्यसैले सिन्दुर नपुछे प्रिया म मरे पनि
मेरो नाममा श्रृङ्गार नछोडे चुरा नफोडे प्रिया म मरे पनि

रातो रङ तिम्रो रोजाईको थियो हामी भेटिनु पहिले नै
त्यसैले रातो छोडी सेतो लुगा नलाए प्रिया म मरे पनि

एउटी श्रीमती हुँदै अर्को बिहे गर्दछन् लोग्ने मानिसहरू
तिमी पनि मन मिल्ने पाए एक्लै नबसे प्रिया म मरे पनि

सुनेकै छौँ यो संसार पारि फेरि अर्को जन्म हुन्छ भन्ने
त्यहाँ तिमीलाई पर्खी बस्नेछु ख्याल गरे प्रिया म मरे पनि ।

# २७. भजौँ महिमा सीतारामको

आऊ भजौँ सबैले मिली महिमा गीता, रामको
नआओस् कसैको मुखमा कुरा तीता रामको

सबैले सबैका लागि सधैँभरि गरौँ कामना यही
नहोस् कष्ट कसैलाई मिलोस् कृपा सीतारामको

गल्ती अञ्जानमा यहाँ खै को बाट भएको छैन र
कथा पढेकै छौँ श्रवणकुमार मार्ने पिता रामको

नरोऊ अरूको चिताछेउ सबै एक दिन जल्नै पर्छ
नजल्ने त जगतमा एउटै मात्र हो चिता रामको ।

# २८. समानताका कुरा गर्छन्

(प्रा.डा. कृष्णहरि बरालप्रति समर्पित)

केटीहरू आफूभन्दा पढेका केटा खोज्छन् अनि समानताका कुरा गर्छन्
उमेरमा पनि तीन चार वर्ष जेठा खोज्छन् अनि समानताका कुरा गर्छन्

छोरीको बिहे गर्दा चर्को स्वरमा दाइजो प्रथाको विरोध गर्ने बाउहरूले
छोराको बिहेमा भए भरको जेथा खोज्छन् अनि समानताका कुरा गर्छन्

यहाँ अक्सर हाम्रा राजनीतिज्ञले आफ्नो पार्टीको कार्यकर्ताका लागि
केही पनि नबुझेका सोझा भेडा खोज्छन् अनि समानताका कुरा गर्छन्

जनताको दुःखमा ख्याल नगरे पनि आफन्तको भुँडी भर्न भने नेताहरू
देशको ढुकुटी रित्याउँदै गेडा खोज्छन् अनि समानताका कुरा गर्छन्

दुनियाँ जाली र फटाहाहरूले भरिएको भए पनि यहाँ केही महात्मा
सुख साट्न अरूका बेथा खोज्छन् अनि समानताका कुरा गर्छन् ।

# २९. प्रयास

शून्य मात्रै थप्दै गए नि एक कुनै दिन सय हुन्छ
जसले हारमा जीत देख्छ उसैको विजय हुन्छ

जुन घरमा सासुबुहारी हुन्छन् आमाछोरी जस्ता
त्यही घरमा ईश्वर बस्छन् त्यीह मंगलमय हुन्छ

बुढेसकालमा आमालाई वृद्धाश्रम छोड्छ जसले
उसको मनमा मर्ने बेला सायद ठूलो भय हुन्छ

स्वर्ग जान पाऊँ भनी जतिसुकै मन्दिर धाए पनि
त्यो कुरा त तिमीले गर्ने सत्कर्मले पो तय हुन्छ ।

## ३०. विदेशिने रहर

विदेशिने रहर सबलाई साउनको भेल जस्तो
लाग्छ मलाई प्रवासको बसाई मिठो जेल जस्तो

किस्ता ऋणको सहाराले घर किन्न सजिलो छ
तर किस्ता जोहो गर्न कुद्नु पर्छ रेल जस्तो

बस्ने घर मात्र होइन आफ्नै कार छ चढ्ने पनि
तर जे छन् सबै लाग्छ खुट्टा बाँध्ने नेल जस्तो

साथीभाइको बहकाउमा देश छोडी विदेशिने
लाग्छ हार्न खेलिएको जिन्दगीको खेल जस्तो

एउटा साथी रूँदै भन्थ्यो जान पाइनँ आमा मर्दा
यस्तो बेला सारा जीवन लाग्छ पुरै फेल जस्तो ।

# ३१. आमाको काख

मायाकी खानी उनी ममताको मूल जस्तो
लाग्छ मलाई आमा स्वयं देउताको कुल जस्तो

पत्थर पुज्न सधैँ किन लाम लाग्छौ मन्दिरमा
पुज घरमा आमालाई हुन हुन्न हुल जस्तो

नियालेर हेर तिमी आमाका रूप अनेक हुन्छन्
कैले तारा कैले जून कैले मरूभूमिको फूल जस्तो

आमाको त्यो काखबाहिर स्वर्ग भन्ने ठाउँ छैन
त्यसैले त जवान हुनु लाग्छ ठूलो भूल जस्तो ।

# ३२. बुद्ध खेल्ने थलो

बुद्ध खेल्ने थलोमा आज रगत बग्छ भेल जस्तो
ज्यूँदै मान्छे जलाइन्छ भष्मासुरको खेल जस्तो

न्याय नपाए गोर्खा जानू भन्ने मेरो देशमा आज
देखिन्छ किन हत्यारा र सिपाहीको मेल जस्तो

तार्छु भनी हाथ समाई जसले छोड्यो नदी बीच
उसैलाई किड्नी दिए उसले गरोस् झेल जस्तो ।

# ३३. पैसा नहुँदा

सकिनँ किन्न एक छाक मानो पैसा नहुँदा
भैदिंदा रैछन् आफन्तै बिरानो पैसा नहुँदा

ऋण भन्दा बढी पुगेछ ब्याज कसरी फर्काऊँ
आँट पनि हुँदोरहेछ सानो पैसा नहुँदा

सपनाभित्र देख्दा नि साहु यो लाग्दोरहेछ
घाँटी छ माथि तल अचानो पैसा नहुँदा

रगत बेची बनाएको थिएँ खरको झुपडी
सकिनँ फेर्न चुहिने छानो पैसा नहुँदा

सिंगो युग बोक्ने युवा हौँ हामी दुःखहरू आउँदैमा
नदिउँ है पर्न सपना उत्तानो पैसा नहुँदा ।

# ३४. बच्पनमा सँगै खेलेको साथी

बच्पनमा सँगै खेलेको साथी नातामा ऊ मेरो मीत थियो
ऊ रूनुको कारण उसकै हार थोरै धेरै त मेरो जीत थियो

जूनकीरी भन्दा आफू चम्किलो देखी आकाशमा जून हौसिँदै थियो
ऊ निराश तब भयो जब बुझ्यो आफ्नै प्रकाश त जूनकीरीसित थियो

सीमामा बैरीसँग म लड्दै थिएँ, पिठ्यूँमा कसैले गोली वर्षायो
फर्केर हेरेँ ऊ त्यहीँ नै थियो, जो देशभक्त भनी चर्चित थियो

मेरा मलामीहरू सबैलाई उसले आफ्नो बिहेको निम्ता दिई रे
जसले मलाई आफ्नो मुटु ठान्थी जो नै मेरो पहिलो प्रीत थियो ।

# ३५. नजिर

म्याराथुनमा भाग लिन बैशाखी टेकी जब म पुगेँ,
दर्शकहरू खिन्न थिए माहोल पुरै त्रसित थियो ।
मैले हेरेँ उसैलाई जो मपछि दोस्रो हुन्थ्यो,
पैले दुःखी हुने उसको मुहार आज हर्षित थियो ॥

मेरो देशका ठूला नेता मसँग जब चुनाव हारे,
सहन गर्न नसकेर हालिदिए मुद्दा मलाई ।
हराइदिए न्यायाधीशले मलाई मुद्दा नजीर समाई,
जुन नजीर गलत भनी वर्षौंदेखि चर्चित थियो ॥

काल बनी कसैलाई लिन यमराज जब गाउँमा आयो,
मैले उसका हरेक कदम नियालेर हेरिरहेँ ।
सबैभन्दा कमजोर सायद ऊ नै हुन्छ होला क्यारे,
उठाइलग्यो उसैलाई जो वर्षौं रोगले ग्रसित थियो ॥

# ३६. बोलाउँला मायाले

म बोलाउँला मायाले माया मिसाई बोलीमा
तिमीले भन्यौ भने बान्दिउँला म तुना चोलीमा

दौरा सुरूवाल लाएर पटुकी बाँधी कम्मरमा
आउला छिट्टै बेहुली बनाई लिन डोलीमा

जाउँला घुम्न वनमा एकान्तमा नाचौँला
थकाई मार्न खाउँला चटपटे एउटै सोलीमा

दुःखसुख बाँडौँला हाँसो र आँसु साटौँला
हराउँला रङभित्र रङ खेल्दै हरेक होलीमा ।

# ३७. तिमी नपाए

आकाशबाट धर्तिमा झर्छु भन्दिनँ
जिउँछु तिमी नपाए नि मर्छु भन्दिनँ

फिल्मी कुरा न जान्दछु न त पत्याउँछु
तिम्रो नभए आत्महत्या गर्छु भन्दिनँ

माया गर्नेछु मैले पनि तिमीले गरेमा
तर तिमी पर सरे, वर सर्छु भन्दिनँ

अर्की रोज्नेछु मैले नि रोजे तिमीले
तर तिम्रो नजाती कुरा छर्छु भन्दिनँ ।

# ३८. सफलता

सबै तिर हात हाल्दा सफलता नहुन सक्छ
एउटै उद्देश्य बनाउनेले मात्र लक्ष्य छुन सक्छ

आँट मात्र भएर हुन्न लगन चाहिन्छ निरन्तरको
नथाकी अविरल खोज्नेले नै बालुवाको सुन सक्छ

समूहमा ठूलो शक्ति हुन्छ चाहेको काम फत्ते गर्ने
हेर न थोपा थोपा मिली धर्ति नै सारा धुन सक्छ

हरेक पलहरू उत्पादनमा नलगाएर बसिरहन्छ जो
पछुताउँदै एक दिन पक्कै धुरू धुरू ऊ रून सक्छ ।

# ३९. बादल बनेर आँशु

बादल बनेर आँशु आकाश छोएर आउँछ
शीत बनेर झर्दै भेरी कर्णाली छाउँछ

झोस्यो आफ्नै घरमा आगो घरमुलीले
बचाऊ कोही भन्दै राप्ती रोएर गाउँछ

पुर्खाहरूको नासो चन्द्र सूर्य झण्डा
उत्तर कैले दक्षिण धोबी धुनलाई धाउँछ ।

# ४०. छोरीको महिनावारी

केवल छोरीलाई महिनावारी हुन्छ
त्यो सास्ती सम्झेर मेरो मन रून्छ

भन्नुस् त हर महिना महिलालाई जस्तै
पुरूषलाई छाउगोठमा कुन रीतले थुन्छ

नियम कानुन लेख्नेले किन होला खै
लैंगिक विभेद राख्ने शब्द मात्र चुन्छ

विभेदका कारणहरू यत्र तत्र देख्दा
के साँच्चै हजुरको पनि मुटु छुन्छ ?

# ४१. गजल बोल्नु गर्छ

वातावरण किन तात्तिँदैछ गजल बोल्नु पर्छ
बाढी पैरो किन मात्तिँदैछ गजल बोल्नु पर्छ

पग्लिएर अस्तित्व मेटिने हो कि भन्ने पीरले
हिमाल किन यति आत्तिँदैछ गजल बोल्नु पर्छ

प्रदूषण फैलाउने गाडी र फ्याक्ट्री बढ्दा
ओजोन किन च्यात्तिँदैछ गजल बोल्नु पर्छ

विनाश रोक्न मेहनत नगरी भगवान् सम्झेर
धागोको बत्ती किन कातिँदैछ गजल बोल्नु पर्छ ।

# ४२. म मरेकी हुँ

म मरेकी हुँ उसैलाई बचाउन मुटु दिएर
उसले भने मेरो चिता समेत हेरेन फर्किएर

मेरो लाश जलाएर सिधै घर फर्किए परकाहरू
आफन्त भने बजार गई फर्किए रक्सी पिएर

म मरेपछि सबैले बिचरी मरेर गई भनेछन्
जिउँदो हुँदा कोही आएनन् सहानुभूति लिएर

मेरो चिताछेउ उभिएर रोएझैँ गर्लान् अरूहरू
आमा भने जीवनभर रोलिन् उस्तै भक्कानिएर ।

# ४३. बाहिर घुम्न जाऊ

हे सुन त छोरीहरू हो बाहिर घुम्न जाऊ
बाहिर घुम्न गएर चिसो हावा खाऊ

सधैँभरि कोठाभित्र गुम्सी नबसी
बाहिर गई प्रकृतिसँग प्रेम गाँसी आऊ

मन स्वस्थ तन स्वस्थ हुन्छ घुमेमा
तर घुम्नू सुरक्षित भै नलगाई घाउ

हाँसेका छन् बगैंचामा रंगीन फूलहरू
जाऊ रमाऊ फूलसँग पुतली बनी छाऊ ।

# ४४. मरेको हुँ

म अबेरसम्म सुतेको होइन मरेको हुँ
कृपया नठान्नुहोला अभिनय गरेको हुँ

प्रवासमा सुतेकै ठाउँ कति मर्छन् भन्थे
हो म पनि आज त्यही घानमा परेको हुँ

शासन फेरियो तर हाम्रा दुःख फेरिएनन्
त्यसैले बिरक्तिएर मुग्लान झरेको हुँ

अभागीलाई देश विदेश कहीँ नसुप्दोरहेछ
यो शिक्षा होस् भनी कथा छरेको हुँ

मरेपछि मन बुझाउन यति भन्नै पऱ्यो
सुख पाउने अन्तिम आशमा स्वर्ग सरेको हुँ ।

## ४५. नभन्नू है पागल

किवी लेख्दा डाँफे लेख्छु नभन्नू है पागल
लाग्छ एक्लै सगरमाथा थेग्छु नभन्नू है पागल

पुगे पनि कोसौँ टाढा सात समुद्र पारि
यहीँबाट देश देख्छु नभन्नू है पागल

यतिबेला पशुपतिमा आरति हुँदै होला
यहीँबाट आँखा सेक्छु नभन्नू है पागल

प्रवाशमै मरे पनि फेरि नेपालमै जन्मिएर
पहिलो पाइला त्यहीँ टेक्छु नभन्नू है पागल

यस्तै भयो यो जुनी त जन्मे अर्को जुनी
विदेशिने कारण छेक्छु नभन्नू है पागल ।

# ४६. वर्षौंको माया तोडेर

वर्षौंको बाचा तोड्नु पर्‍यो बात मिल्ने सँग
बिहे गर्नु पर्‍यो केवल जात मिल्नेसँग

चित्त बुझाउँथे बिहे गरिदिएकै भए पनि
कम्तीमा दुई छाक नुन भात मिल्ने सँग

झुटो आडम्बरको निम्ति बिहे गरिदियौ
किन बुवा दिन रात लात मिल्ने सँग

सबैलाई म जीवनको भोगाई सुनाउँदैछु
बिहे गर्नु जात होइन हात मिल्ने सँग ।

# ४७. ए आँखा

ए आँखा कति कुद्छौ तिमी दूरसम्म
छोडिदेऊ, सक्दैनौ पुग्न तुलसीपुरसम्म

आजको मान्छे यो कस्तो मांसाहारी भयो
छोड्दैन खान गाईबस्तुहरूको खुरसम्म

ती पण्डित बाजे पशु अधिकार मन्त्री भए रे
जो छुनै हिच्किचाउँछन सुँगुर बंगुरसम्म

देश छोडेर जानेले यो हेक्का राख्नुपर्छ
जन्मेकै ठाउँ मन पराउँछन् असुरसम्म ।

# ४८. गुजारा

काम गर्दागर्दै मालिककै घरमा दिन ढल्छ
मालिक खानुहुन्छ बचेकोले मेरो गुजारा चल्छ

दिनभर मालिककै काम गरेर घर फर्कन्छ छोरो
अनि साँझ पढ्न बस्छ जब सडकमा बत्ती बल्छ

हरेक दिन मालिकको घरमा मजदुरी गरे पनि
छोरीको लाज मालिक्नीको पुरानो सलले छल्छ

छन त छ एक टुक्रा जग्गा खेती गर्नलाई
तर न सिंचाइ छ न बिउ, सम्झदा मन गल्छ

उपचार नपाएर मरी बूढी, पुऱ्याएँ घाटमा
पैसा छैन दाउरा किन्ने खै लास कसरी जल्छ ?

ए हजुर कसैले त भनिदिनुहोस् यो दुःखीलाई
किन गरिबले जति दुःख गरे नि दुःख नै फल्छ ?

# ४९. आमाको कोख

न जन्मेको को छ खै आमाको कोखबाट
जन्मिएका ईश्वर नै आमाको कोखबाट

राम, कृष्ण, बुद्धदेखि तिमी हामी सबै नै
जन्मिएका सन्तान भै आमाको कोखबाट

भोक शोक मेटिदिन्छिन् तर किन हामीले
हिर्काउँछौ पेट आमाकै आमाको कोखबाट

म त मेरी आमाको खुट्टा ढोगी यै भन्छु
जन्मुँ फेरि नेपालमै आमाको कोखबाट ।

# ५०. विदेशिएको छोरो

विदेशिएको छोरो कैले पनि आएन दसैं मनाउन
तर बा मरेपछि दौडिएर आयो चिता जलाउन

उपचार नपाई सासू मरेपछि हतारिइन् बुहारी
छिमेकी बोलाउन होइन सासूका गहना लुकाउन

पति मरेमा पत्नी बाँकी जीवन भर एक्लै बस्छन्
तर पत्नी मरेमा पति उसै दिन हिँड्छन् आँखा जुधाउन

छोराले सोध्यो, आमा वृद्धाश्रमबाट किन फर्कियौ
आमाले भनिन्, आज तिम्रो जन्मदिन सँगै रमाउन ।

# ५१. कष्टैकष्ट झेल्नु पर्दा

कष्टैकष्ट झेल्नु पर्दा म ज्युँदै मरेको छु
कस्लाई भनूँ घाँटीसम्म दुःखको भेल तरेको छु

राम्रो लगाएको, पेटभरि खाएको थाहा छैन
तर पनि वर्षौंदेखि ठूलो ऋणमा परेको छु

नेपालभित्रै सुख पाउने कुनै छाँटै देखिनँ
त्यसैले अमेरिका जान डिभी भरेको छु

सायद अब हाम्रा दुःखहरू कम हुन्छन् होला
किनकि पशुपतिमा गएर सत्‌बिज छरेको छु ।

# ५२. गरिबको जीवन

रोगले समायो सबै अम्मलहरू छल्दाछल्दै
बित्यो जीवन अनेक रहरहरू फल्दाफल्दै

गरियो उपचारहरू अनेकौँ तर केही लागेन
अस्थिपञ्जर भो शरीर दिनदिनै गल्दागल्दै

सधैँझैँ एक दिन डाक्टर आएर नाडी समाए
अनि भने आश मार, मुटुमा सास चल्दाचल्दै

मान्छेलाई जुनै बेला पनि निभ्नु पर्दो रहेछ
निभेझैँ अचानक बत्ती दियोमा बल्दाबल्दै

विदेशबाट आई छोराले लाश घाटमा पुऱ्यायो
तर विदेशमै फर्कियो चितामा लाश जल्दाजल्दै ।

# ५३. आमाको भर

भरहरूमा विश्वासिलो त आमाको भर हो
घरहरूमा प्रिय त उनको पाठेघर हो

खोजेको हामीले त्यस्तो ठूलो केही होइन
नाममा बाबाको सँगै आमाको पनि थर हो

डर भनेका त सबै सधैँ अप्रिय नै हुन्छन्
प्रिय हुने डर त एउटै आमाको डर हो

स्वईच्छाले म देशको सहिद भएको हुँ
तर थोरै त्यसमा आमाको पनि कर हो ।

# ५४. सहारा

जिब्रो नचल्ने बोल्न नसक्ने उनका निम्ति नारा दिउँ
आँखा नदेख्ने दृष्टि गुमेका उनका निम्ति सहारा दिउँ

पौरख गर्न सबल–सक्षम जो छौं हामी सबै मिली
हिँड्न नसक्ने उठ्न नसक्ने उनका निम्ति चारा दिउँ

संसारभरका मानवहरू आऊ आजै हातेमालो गर्दै
दुःखी दरिद्री जो छन् उनलाई दुःखबाट छुटकारा दिउँ

शुद्ध पिउने पानी नपाएर मर्छन् कति कति यहाँ
उठौं जुटौं तिर्खाएका सबलाई पानीका धारा दिउँ ।

# ५५. मालिकको मन

अर्को दसैँमा बिदा मिल्छ हर साल यही भन्छ
थाहा छैन यो मालिकको कुन धातुको मन छ

तीस दिन काम गऱ्यो पाँच हजार तलब पाउने
त्यही तलब दिन साउ दस हजार पल्ट गन्छ

बर्षौंदेखि साहुको घरमा काम गरिराखे पनि
आज भन्दा भोलि गाह्रो भोलि भन्दा पर्सि झन् छ

साहुको छोरो भाँच्छ सधैँ सडकमा गई रेलिङहरू
मेरो छोरो भने बैसाखको धुपमा उसकै बारी खन्छ ।

# ५६. धनीको घमण्ड

धनीहरू घमण्ड गर्छन् पैसा र जवानीको
उस्तै चिन्ता गर्छन् सधैँ नाफा र लगानीको

श्रीमतीलाई हात छोड्ने पुरुषहरू नै हरेक बिहान
जाने गर्दछन् मन्दिरमा पूजा गर्न भवानीको

धन कमाउन युवाहरू विदेशिन विवश देख्दा
याद आउँछ अनायासै मुना–मदन कहानीको

लोभ र लाभका निम्ति नेताहरू लम्पसार देख्दा
लजाएर शिर झुक्छ वीर अनि स्वाभिमानीको ।

## ५७. रक्तदान

रक्तदान गरेर मात्र जुस पाएकी हुँ
अनि बल्ल पहिलो पल्ट खाएकी हुँ

छोराले तिम्रो दुधमा बिष छ भन्यो
त्यसैले जँचाउन अस्पताल आएकी हुँ

छाउगोठमा कला देखाउन होइन
सर्प र किराहरू भगाउन गाएकी हुँ

झुक्याउला मेरो निधारको अबिरले
खेल जितेर होइन मरेर लाएकी हुँ ।

# ५८. शासनको रस

पाए होलान् कोही कोहीले शासनको रस मिठो
जनतालाई कहाँ छ र पेटभरि आँटो पिठो

असमानता चुलिदैछ सहर र गाउँको बीच
सहरिया छान्दै चिज गाउँले कठै भ्याकुर गिठो

इतिहासले धिक्कार्ने छ नलडेर हाऱ्यौं भने
मरौं बरू मैदानमा नबनाऊ जीवन टिठो

ढुक्क भई नबसौँ है सामन्तको भुत छ अझैं
आऊ फालौँ जरैबाट जलाइदिऊँ पुरै सिठो ।

# ५९. अँध्यारो हट्नेछ

अँध्यारो छ आज, एक दिन घाम लाग्ने छ
अन्धकार यो कालो निलो सबै भाग्ने छ

सुतेको मात्र कहाँ छ र पुस्तौं पुस्तासम्म
हाम्रो पुस्ता पनि एक दिन अवश्य जाग्ने छ

फुल्ने छ फल्ने छ हाम्रो गरा भरा हुनेछ
विदेशीले फेरि हाम्रो चामल माग्ने छ ।

# ६०. विवाहित चिनिन

सिन्दुर लागाउँछौँ हामीले विवाहित चिनिन
भन तिमी लागाउँछौ के विवाहित चिनिन

कैले सोच्छु रीत भए पुरूषलाई नारी भन्ने
के उनीहरू जन्मघर छोड्थे विवाहित चिनिन

नारीमाथि लादिएको कस्तो क्रुर संस्कार यो
पति मरे सेतो पहिरन लाउने विवाहित चिनिन

यस्तो कालो सति प्रथा पनि थियो रे देशमा
पति सँगै मर्नु पर्थ्यो रे विवाहित चिनिन ।

# ६१. पजेरो र प्राडो प्रथा

भन्छौँ पजेरो प्रथा भित्र्याउनेले बर्बाद पाऱ्यो समय
फेरि हामीहरू नै गर्छौं सधैँभरि उसैको जय जय

सुसंस्कृत अनि सभ्य नेताहरू हुन्छन् त्यहाँ
जहाँ हुन्छ नेतालाई जनताको ठूलो भय

गजबका छौ हामीहरू, हाम्रा नेता खराब छन् भन्छौँ
तर हमेसा उनैसँग मिलाउँछौँ सुर ताल र लय

आफ्नै नेता हुन् भन्दै उनीहरूका लात सहेपछि
कसरी हुनसक्छ हामीहरूको जीवन मंगलमय ।

# ६२. संकोच रहेन बाँकी

अब कुनै संकोच रहेन बाँकी यत्ति भन्न
मुसा बने जो आएका थिए हात्ती बन्न

मान्छे हुन मनभरि मानवता चाहिन्छ
कहाँ हुन्छ र पेटभरि खाएर मात्र अन्न

संघीय मामिला मन्त्री यी कस्तो बने
जसलाई आउँदैन गाउँको संख्या गन्न

कृषि मन्त्री खै कस्तो कृषि क्रान्ति गर्दैछन्
गमलामा पो थाले कुटो कोदालो खन्न

क नजान्नेले कानुन लेख्ने काम पाएको देख्दा
हुँदैन त महासय हजुरको टाउको रन्न ?

# ६३. भो छोरा नजाऊँ अब

भो छोरा नजाऊँ अब मालिकको खेती गर्न
जाऊँ बरू गाउँ पसौँ क्रान्तिको बिगुल छर्न

गरिब र निमुखा हामी जन्मिएका होइनौँ मात्र
खाली पेट खेत खनी सामन्तको भकारी भर्न

कति सिउँ यो फरिया टालो माथि टालो थपी
नाङ्गै हिंड्छु अब बरू जान्न साहुको पाउ पर्न

जति नै श्रम गरे पनि पेट आधि हुन्छ भने
उल्टाइदिउँ यो सत्तालाई चाहे परोस् आफैँ मर्न ।

# ६४. चुलो बन्न मन लाग्छ

बुढाबुढीले खाने पिठोको धुलो बन्न मन लाग्छ
अनि त्यही धुलो पकाउने चुलो बन्न मन लाग्छ

चिरा परेका खेतका गरा र बारीहरूको लागि
नसुकेर अबिरल बगिरहने कुलो बन्न मन लाग्छ

बर्षौंदेखि अदालत धाइरहेका न्याय पीडक देख्दा
न्याय अन्याय तौलन सक्ने तुलो बन्न मन लाग्छ

समाज बहुरङ्गी हुन्छ मान्छेका सोच बहुरङ्गी हुन्छन्
यहाँ कसैलाई पानी त कसैलाई झुलो बन्न मन लाग्छ

तिमी र म बीचमा साँच्चै नै विशाल अन्तर छ
मलाई असल र तिमीलाई ठूलो बन्न मन लाग्छ ।

# ६५. मजा

कसै–कसैलाई मजा लिनमा हुन्छ
तर कसैलाई भने मजा दिनमा हुन्छ

यहाँ आफन्तहरूको राम्रो चिनारी त
सुखमा होइन, दुःख र ऋणमा हुन्छ

मेरो जीवनको सबैभन्दा ठूलो असन्तुष्टि
जातको नाममा गरिने घिनमा हुन्छ

तिमी किन रातको लुटपाट ठुलो देख्छौ
ठूला भ्रष्टाचार त बढी दिनमा हुन्छ ।

# ६६. रस मिठो स्वर्गीय सेवामा

रस मिठो स्वर्गीय सेवामा हुन्छ
नसम्झ कहिले पनि ढेवामा हुन्छ

आत्मबल कमजोर हुनेको नजर
मात्र सधैँ अरूले दिने टेवामा हुन्छ

आँखाले हिन्द महासागर हेर्दा नि
नेपालीको मन सधैँ फेवामा हुन्छ

बर्गर पिज्जा खानेले यो कुरा बुझ्नुपर्छ
बढी फाइदा दिने तत्व मेवामा हुन्छ ।

# ६७. गाउँको भोक

आफू र आफ्नो खुशी मात्र होइन नि सबै थोक
सम्झिउँ है केक काट्दा थिचिएको गाउँको भोक

कम्मर कसी निरन्तर बढौं आँधिहुरी चालमा
बदल्नु छ स्वरूप पुरै सिंगार्नु छ गल्ली चोक

कालोबजारी बढेकै छ देश नै खोक्रो बनाएर
यस्तो हालत देख्दाखेरी चल्दैन त मनमा झोँक

दाइजोको नाममा छोरी मर्छे गरिबको झुपडीमा
त्यहीँ आउँछ खाडीको लाश गरिबलाई अर्को शोक ।

# ६८. गुनलाई बिर्सिदियौ

वर्षौंदेखि मैले लाको गुनलाई बिर्सिदियौ
जब भयो बिहानी जूनलाई बिर्सिदियौ

सहरमा सरेपछि र्‍याप पो राम्रो भन्दै
गाउँघरको लोक भाका धुनलाई बिर्सिदियौ

भेटे पछि उनीलाई सोध्न मन छ यही
मलाई बिर्से पछि फेरि कुनलाई बिर्सिदियौ

शहिदका तस्बिरले सोध्छन् आज भोलि
तिमीहरूले किन हाम्रो खुनलाई बिर्सिदियौ ।

# ६९. पागल बनिदिऊँ कि

तिमीले लाउने आँखाको गाजल बनिदिऊँ कि
किन लाग्छ आज मलाई पागल बनिदिऊँ कि

वर्षा याममा झरीसँग तिमी खेलेको देख्दा
अनायासै मनले भन्छ बादल बनिदिऊँ कि

झ्याउरे गीतमा जब नाच्छौ मादलको तालमा
यस्तो लाग्छ सधैँलाई नै मादल बनिदिउँ कि

बेला बेला सुस्तरी समाई सम्हालेको देख्दा
लोभ लाग्छ बरू कि तिम्रो आँचल बनिदिऊँ कि ।

# ७०. जान्न मन छ

जान्न मन छ त्यो मनमा कुरा चल्छन् कस्ता कस्ता
के बर माग्छौ भन्न मिल्छ आकाशबाट तारा खस्दा

तिमीले जस्तो अरू कसैले पढ्या छैन मेरो मनलाई
फेरि किन सोध्छौ मलाई के बर माग्छौ मन्दिर पस्दा

मैले भन्दा बढी माया तिमीलाई अरूले दिने छैन
ढुक्क भई आऊ सानु बनौँ सीता राम जस्ता

तिमीले मलाई मैले तिमीलाई सुनाउँला प्रीतिका गीत
फकाउँला त्यसैगरी कोही कहिले रिसाई बस्दा ।

# ७१. खै के छ खास

खै कुन्नी के छ के छ लुकेको खास यी आँखामा
अघाउँदैनौ तिमी वर्षौं बस्दा नि बास यी आँखामा

एकान्तको शून्यतामा बर्बराउँछु पीरहरू बोकी
किन दियौ मुटुमा बसी दुःखका रास यी आँखामा

महान् मानेका नेताहरूले नै देश लुटेको देखेपछि
अडिन सकेनन् कुनै खुसी र आश यी आँखामा

सिपाही छोरो रणभूमिमा मरेको वर्षौं भइसक्यो
आमा भन्छिन् अझै ज्युँदैछ लाश यी आँखामा

शत्रुको गोलीले मरे पनि एउटा वीरले भन्दै थियो
लड्नु छ अझै भरिदेऊन कोही सास यी आँखामा ।

## ७२. आधा रहेछ

तिमी बिना यो जीवन आधा रहेछ
तिमी गयौ र थाहा भो सादा रहेछ

शक्ति हुन्छ प्रेम भित्र जति भने पनि
प्रगतिको पथमा प्रेम बाधा रहेछ

कृष्णसँग राधाको नाम सँगै जोडे पनि
पत्नी होइन साथीको नाम राधा रहेछ ।

# ७३. ढुङ्गा हान्न जान्नुपर्छ

ढुङ्गा हान्न जान्नु पर्छ भोलि मन्त्री हुन
हिंसालाई धर्म मान्नु पर्छ भोलि मन्त्री हुन

युवा भनिने नेताहरूले दिएको सन्देश यै हो
चाकडीलाई कर्म ठान्नु पर्छ भोलि मन्त्री हुन

किन यस्तो गलत नजिर बसायौ नेता तिमीले
शालिकको शिरमा हान्नु पर्छ भोलि मन्त्री हुन

पाठशालामा बच्चालाई सिकाउँ कुरा यस्तो
राम्रो संस्कार छान्नु पर्छ भोलि मन्त्री हुन ।

# ७४. संसार

जून छ तारा छन् र पो संसार छ
तिमी छौ म छु र पो यो प्यार छ

अनुपम छैन त मनोरम हाम्रो देश
हेर न सबै छ शैल छ जंघार छ

सानो छ संसारमै भूगोल जुन देशको
त्यै देशमा घाटाको ठूलो व्यापार छ

सीमामा बैरी छन कोठीमा चेली छन्
के हेर्छ खै कुन्नी कहाँ सरकार छ

फर्कियो लाहुरे घर सम्झी गाउँमा
बाहिर ताला छ घर भित्र जार छ ।

# ७५. चन्द्रमा झैँ उदाउँछ्यौ तिमी

मेरो घरमा चन्द्रमा झैँ उदाउँछ्यौ तिमी
अनि घरको अन्धकार हटाउँछ्यौ तिमी

मेरा लागि निराहार तीजमा व्रत बस्दै
मेरै नामको सिन्दुर पोते लगाउँछ्यौ तिमी

यो मनलाई मन्दिर ठानी नित्य पूजा गर्छ्यौ
अनि मलाई भगवान् झैँ सजाउँछ्यौ तिमी

तिम्रा लागि अग्निपथमा नाङ्गै खुट्टा हिँड्छु
र त मेरो मुहार हेरी अघाउँछ्यौ तिमी ।

# ७६. चिन्न जाने पुग्छ

अरू कुरा नमाने नि एउटा कुरा माने पुग्छ
दुश्मनहरू छेउमै हुन्छन् हाम्ले चिन्न जाने पुग्छ

आदत राम्रो चाहिँदैन साथीहरू बनाउनलाई
सँगै बसी तास खेल्दै चुरोट बिंडी ताने पुग्छ

मेरो पनि गल्ती होला तिम्रो पनि गल्ती होला
मान्छेबाटै गल्ती हुन्छ यति कुरा ठाने पुग्छ

अन्याय भए अरू त के श्रीमतीले सहँदैनन्
विचार गर्न मन भए उनको कान ताने पुग्छ

मर्नु पर्छ एक दिन सबै ढिला चाँडो मात्र न हो
शान्तिसँग मर्नलाई जन्मेको देश छाने पुग्छ ।

# ७७. हजुरको नाम लिऊन्

हजुरको नाम लिऊन् सबैले प्यारले
सधैँ नै प्रशंसा गरून् संसारले

बसिराख सधैँ सफल भै शैलमा
रिस राग नगरोस् कदापि जंघारले

जित्नेको डाहा त गर्छन् नै हार्नेले
गरेझैँ डाहा त्यो फूलको झारले

जीवनको के कुरा मृत्यु नि यस्तो होस्
चितामा फूल अबिर चढाउन जारले ।

# ७८. जसले छोरी गर्भमै मार्‍यो

हिजो छोरा पाउन छोरीलाई फालिदियो तलाउमा
आज लागेको छ महिला अधिकारकर्मी बन्ने दाउमा

सहिदहरू सधैँ सपनीमा आउँछन् अनि रूँदै सोध्छन्
किन बेच्यौ हाम्रो आहुति मासु चिउराको भाउमा

बाबा मर्दा सान्त्वना दिन नआए पनि नेताजी
चुनावताका आए घर अनि परे आमाका पाउमा

मेरी प्रियाले जब मलाई उनको बिहेको निम्ता दिइन्
उनकै बहिनी सम्हाल्न आइन् वियोगको घाउमा ।

## ७९. वाचा

मेरा निम्ति फूल बन्ने वाचा थियो काँडा हुँदैछ
फेरि पनि मनमा तिम्रो तस्बिर किन गाढा हुँदैछ

वाचा कसम खाई भन्थ्यौ तिम्रो नानी भित्र बस्छु
भन्देऊ किन आज दिनदिन हाम्रो दुरी टाढा हुँदैछ

बहार बनी तिम्रो दिलमा ढकमक्क भै फुल्छु भन्थ्यौ
भएकै फूल टिपी लग्यौ जीवन उजाड डाँडा हुँदैछ

दुश्मन होइन माया हुँ म भन्थ्यौ घाउमा मलम बन्छु
कस्तो मलम बन्यौ तिमी घाउमा झनै बाधा हुँदैछ

तिम्रो नामको सिन्दुर शिरमा लाउने रहर अधुरो भो
रहर मात्र होइन मेरो जीवन समेत आधा हुँदैछ ।

# ८०. किन दसतिर माया बसायौ ?

कतै हाँस्यौ कतै हँसायौ अनि कतै रोयौ त कतै रसायौ
सोध्यौ त आफैँलाई किन यसरी दसतिर माया बसायौ

भन्छन् मायाको नशा आँखामा हुन्छ मदिराको नशा ओठमा
ओठमै मायाको निशानी छोड्दै किन कसैको आँशु खसायौ

कसैका आँचल कसैका गाजल अनि कसैका केस सम्हाल्दै
डुल्दै भमराझैँ वन-वन किन अरूलाई मायामा फँसायौ

भन्छन् त्यो हो साँचो माया जहाँ मन दियो त्यहीँ तन दियो
तर कतै बास कतै आश छर्दै किन हर मुटुमा छुरी धसायौ ।

## ८१. के बनुँ म ?

बाबा इन्जिनियर आमा डाक्टर मेरी
बनुँ के बनुँ म सोच्छु फेरि फेरि

इन्जिनियर बनी नक्सा कोर्न मन
उस्तै रहर बन्न डाक्टर आमा हेरी

डाक्टर बनी रोग हर्ने जस्तै सोख
पुलिस बनी देशका दुस्मन छोप्ने घेरी

पाइलट भई उडूँ कि शिक्षिका भई बालूँ
ज्ञानको नौलो दियो कर्णाली र भेरी

जो बनूँ म भोलि मेरो देशलाई
सघाउने छु फुल्न कठिनाई केरी ।

# ८२. याद आउँछ

याद आउँछ यो मनमा टीका सँगै उनको गाजल
बतासले घरी घरी उडाइदिने केश र आँचल

जे गर्दा पनि गर्न हुने अनुमति मलाई थियो क्यारे
जिस्किएर के छुन्थे खै लजाएर भन्थिन् पागल

लाली गुराँस शिरमा सिउरी मेरा हातहरू समाई
जान्थिन् उनी मन्दिरमा खान्थिन् कसम गर्थिन् भाकल

उनलाई एक्लै छोडी आएँ सिन्दुर जोहो गर्न भनी
मेरो माया उनीसम्म तिमीसँगै लैजाऊ बादल ।

# ८३. स्वामीज्यूका जुँगा

स्वामीज्यूका जुँगा कस्ता काउकुती लगाउने
कति हेरूँ लोभिएर आँखै थकाउने

भनिदेऊ न प्रिय किन तिम्रा जुँगा यस्ता
मन भित्र राख्दा पनि तन नै जगाउने

तिमी हाँस्नुभन्दा पहिले तिम्रा जुँगा हाँस्छन्
अनि गर्छन् जादु यस्तो निद नै भगाउने

जब हेर्छु तिम्रो जुँगा देख्छु भोक यस्तो
मानौँ मेरा ओठ छोए मात्र अघाउने ।

# ८४. यो कस्तो आधुनिकता

यो कस्तो आधुनिकता हो बच्चालाई सानैदेखि एक्लै सुताउँछन्
तर जब हुर्केर पर जान्छन् अनि भने सम्भेर मुटु दुखाउँछन्

कथा सुन्दै बा–आमाको काखमा सुत्न कुन बच्चालाई रहर नहोला
बिस्तारामा आमा पाउँदैनन् अनि गुडिया सँगै चित्त बुभाउँछन्

गाउँमा बाबा–आमा सकी–नसकी गर्दै गाईभैंसी डोऱ्याउँदा
शहरमा छोरा बुहारी देखासिकी गर्दै कुकुर कुदाउँछन्

यहाँ इमानपूर्वक दुई पैसा कमाउन कति गाह्रो छ भन्ने कुरा
आमाको पुरानो धोती र बाबाका हातका ठेलाले नै बताउँछन् ।

# ८५. स्वामीज्यूलाई मनपर्ने

स्वामीज्यूलाई मन पर्ने तरकारी पकाएँ
साथै खायौँ उहाँसँगै म पनि अघाएँ

अरू बेला दाल–तरकारी पकाउनै धौ लाग्ने
आज भने चट्नी समेत बनाई फकाएँ

खुसी बनाई बुढालाई लगेर बजारमा
तीजको लागि सारी चोली किन्न लगाएँ

कोरीबाटी चुलठी रातो सारी लगाई
माइती घर जान दिन उनलाई मनाएँ

माइती घरमा पुगेर आमासँग गाउँदै
वर्ष दिनका दुःख पीडा गीतमा बगाएँ

हे दिदी बैनी हो अर्को साल के हुने हो
आजै रमाउँ तिमी पनि म नि रमाएँ ।

# ८६. एक बित्ता जमिन

मेरो नाममा एक बित्ता जमिन छैन उसको नाममा पुरै गाउँ छ
मेरो घरमा करको चिठी आउँछ उसको घरमा रासन कार्ड आउँछ

यो कुन देश हो जहाँ किसानहरूले खेतीपाती गर्न मल मागे भने
सरकार रिसाउँछ र लाठी चार्ज गर्न पुलिसहरूको जत्था पठाउँछ

म सधैं यही प्रश्न गर्छु कि महिलाको सुरक्षा गर्नुपर्ने सरकारले
किन बलात्कारीलाई स-सम्मान छोड्छ र बलात्कृतलाई समाउँछ

विचार गर्नु भएको छ नेता र जनता विदेश धाउनुको भिन्नता
जनता रोटी जोहो गर्न धाउँछ तर नेता सत्ता टिकाउन धाउँछ

देशको हविगत देखेर मेरा बुवाआमा सधैँसधैँ यही भन्नुहुन्छ
युवाहरू नबिउँझिदासम्म यहाँ यस्तै भ्रष्टले देश चलाउँछ।

# ८७. मैले कुँदेको मूर्ति

मैले कुँदेका मूर्तिहरू मन्दिरमा पुग्छन् दिन दिन
तर मैले नै पुज्न नपाउने कस्तो नियम हो बुझिनँ

रातै छ त रगत मेरो पनि, तर अलग ठान्दछौ
खै केमा फरक हुनुपर्ने हो, मान्छे मान्छे छुट्टिन

मेरै आरनमा पिटेका, तावा, चुलेसी र चिम्टा
पुग्छन् सबका चुला तर, अछुतो छु म किन

भन लौ के कारण नउठाऊँ तिम्राविरूद्ध राँको
थोत्रा रूढी जब बोक्छौ तिमी नमानी क्यै घिन ।

# ८८. शिरको फूल

तिमीले लाको शिरको फूलमा मेरो बास्ना छैन
यता माया चलाई उता बैना लिनु भैन

लाएकै छु तिमीले देको गलबन्दी र टोपी
तिमीले ओढ्या पछ्यौरी भने मैले देको हैन

तिमी मेरो मुटु भन्थ्यौ दिलमा राख्छु भन्थ्यौ
आज मुटु भित्र त के डिलमा समेत रैन

मौसम जस्तो बदलियौ पिरले निद आउँदैन
काग किन भयौ मैना दिलमा रहेन चैन ।

# ८९. तिमी तर्कियौ

गर्भमा छोरी छ भन्दा तिमी पर तर्कियौ
आज फेरि छोरी जन्मिएपछि आएर गर्जियौ

आफ्नै बाबाले सन्तान स्वीकार्न नमानेपछि
सोध्न जरूरी भएन आँखालाई किन बर्सियौ

प्रिय म भन्दा पहिले तिमी मर्छु भन्थ्यौ त
म रोगले मर्दै छु, थाहा पाएर किन हर्षियौ

जिउँदा मर्दा तिमीलाई साथ दिनेछु भन्थ्यौ
तर तिम्रो खाँचो हुँदा अर्कीतिर पो फर्कियौ ।

# ९०. तातो हावाको देश

तातो हावाको देशमा पुगेको छोरालाई पोल्दो हो दनदनी
त्यसैले आमा त्यतै फर्की पछ्यौरी हम्किन्छिन् कनी कनी

खाडीतिर फर्की झण्डा नफहराउञ्जेल बालाई निद्रै लाग्दैन
दिनभरिको मेलापातले जतिसुकै नै लखतरान परे पनि

श्रीमतीले श्रृङ्गार गर्न छोडेको श्रीमान् प्रवास हिंडे सँगै हो
उनी श्रृङ्गार गर्न पर्खिरहेकी छिन् श्रीमान् फर्कने दिन गनी

बा–आमाले हर रात सपनीमा आएर एउटै कुरा भनेपछि
देश फर्कन सोच्दैछु पसिना उमार्न कुटो कोदालो खनी ।

# ९१. सानी छोरी

नुनु गरिसकिन् मेरी ठुली छोरी
तिमी पनि नुनु गर सानी छोरी

सपनीमा आए है पर्खि बस्ने छु
एक्लै होइन दुवै दिदी–बैनी छोरी

जाउँला भेट्न जूनमामा चन्द्र लोकमा
भेटाउँला तारा सँगै परी छोरी

लुकामारी खेलौंला लुकी बादलमा
रमाउँला रम्न सके जति छोरी

दिदी बैनी खेलौला मेरो काखमा
लोरी सुन्दै सुत्नु अघि मेरी छोरी ।

# ९२. कोही भन्छन्

कोही भन्छन् आरोही हौ, कोही खुसी हौ
म त भन्छु तिमी मेरी सानी मुसी हौ

थकाई मेट्ने मात्र होइन तिम्रो मुहार
प्यास समेत मेटिदिने शितल जुसी हौ

रहिरहोस् यस्तै फुर्ति जीवन भरि नै
नपरोस है कैले भन्न अल्छि लुसी हौ

जून आई सोधोस् जस्तो लाग्छ तिमीलाई
भन नानु तिमीले कस्को छाति चुसी हौ ।

# ९३. राजा जस्ता भएनन्

राजा, राजा जस्ता भएनन्
जस्ता पुर्खा त्यस्ता भएनन्

थाहा छ मात्र कुर्सी खोज्ने
नेता कस्ता कस्ता भएनन् !

नसोध रक्सी मासुमा बिक्ने
जनता कति सस्ता भएनन् !

आफ्नो सीमा बैरीले मिच्दा
लड्ने युवा दस्ता भएनन् ।

# १४. घर–घरको धुरी

घर–घरको धुरी, मुली हुन् बाबा
परिवार भित्रको चुली हुन् बाबा

आमाको श्रृङ्गार सिन्दुर पोते सँगै
चुरा, पाउजु, फुली हुन् बाबा

हर पल पसिनाको नदी बगाउने
पसिनाको हिउँचुली हुन् बाबा

सन्तानका दुःख पीडाका निम्ति
कठोर मानौँ शूली हुन् बाबा ।

# १५. लज्जा

छोरो लजाउने गर्छ बाबाले भैँसी चराएको देखे पनि
बाबा खुसी हुन्छन् छोरोले कुकुर डोऱ्याएको देखे पनि

आमाको सन्तान प्रतिको माया पनि विचित्रको हुँदोरहेछ
झसङ्ग बिउँझिन्छिन् सपनीमा छोरो कराएको देखे पनि

मेरो बाको स्वाभिमानको म वर्णन गर्न पनि सक्तैन
उनी दुःखी हुन्छन् कसैले मलाई अह्राएको देखे पनि

यो सरकार लाखौँ जन बेपत्ता हुँदा पनि मतलब गर्दैन
मेरो बा दुःखी हुन्छन् बाख्राको पाठा हराएको देखे पनि

अहिलेका सन्ततिको संस्कार खै किन यति लुलो भयो
अञ्जान आए जस्तो गर्छन् बाआमा घर आएको देखे पनि ।

# ९६. हवाई जहाज

हवाई जहाज यो देशको गजबको काम पाउँछ
आश लगेर घर-घरको लाश लिएर आउँछ

बौद्धिक मानेको युवा स्वाभिमान बिर्सन्छ देशको
जसलाई लखेटे पुर्खाले उसकै देशमा धाउँछ

मर्दा मलामी पाइँदैन आज यो हाल छ गाउँमा
खै कस्ले लाश उठाउँछ कस्ले राम नाम गाउँछ ?

देशलाई तिम्रो खाँचो छ फर्क विदेशिएका युवा
तिमी फर्क्यौ भने मात्र देशमा उज्यालो छाउँछ ।

# १७. किसानको आँशु

किसानको आँशु र पसिना त के कुरा थुक पनि जाँदैन खेर
सिँचाइ छैन, हरेक वर्षा रोपाइँ गर्नु पर्छ यिनैले माटो सिँचेर

विश्वमै जलस्रोतको सबै भन्दा धनी देश हो भनेर के गर्नु
नदी छेउ बाटै बग्छ तर तिर्खाएको घाँटी समेत नभिजाएर

सहर झलमल्ल पार्न थाहा छ कसरी निकालिन्छ बिजुली बत्ती ?
गरिबहरूको खेतमा नहर बनाएर र उनीहरूकै झुपडी डुबाएर ।

# १८. जात बेच्दैछ

कसैले यहाँ धर्म बेच्दैछ कसैले जात बेच्दैछ
विदेशीको गुलाम बनेर नेताले आँत बेच्दैछ

जसले अतितमा हाम्रो देश निल्न प्रयत्न गरे
उनैको घरमा गएर युवाले सस्तोमा हात बेच्दैछ

कस्तो कुपुत्र छोरो जन्मियो बुद्धको थलोमा
दुश्मनलाई आमाको थालको भात बेच्दैछ

उदण्ड पनि कस्तो गरेको लाजै नमानी
आफ्नै बालाई फूलको भाउमा पात बेच्दैछ ।

# ९९. काल

नसोच्नुहोस् पक्कै बाँचिन्छ पुगे पछि अस्पताल
हर घडी कसै न कसैको भएकै हुन्छ त्यहाँ काल

एम्बुलेन्सको घाइते अस्पताल नपुग्दै बाटोमै मऱ्यो
एम्बुलेन्सको भन्दा कालको हुँदोरहेछ तीव्र चाल

कहिले सोच्छु पढेका नेतालाई भोट दिएको भए
सायद हुने थिएन कि हाम्रो जीवन यति बेहाल

नयाँ व्यवस्थाले सबैलाई गरिब बनायो नभन्नुस्
नेता र उनका आफन्त भएकै छन् नि मालामाल

आलिशान महल भित्र धनीलाई झन् झन् स्वर्ग छ
मच्छड मार्दै रात काट्छन् गरिबको यो छ हाल ।

# १००. कोरोना कहर

गाउँको खबर बिग्रियो क्यारे सपना बिग्रियो
निदमा पनि देशकै पीर देशकै फिक्री भो

नमिठो तितो खबर आयो दौँतरी साथीको
कोरोना सँग हारे रे कयौँ थे मेरा जिग्री जो

जो गए उनको आत्मालाई शान्ति बचाऊ बिरामी
हे दैव नहोस् कोराना खेल खरिद बिक्री को

सम्मान गरौँ सफाइ स्वास्थ्य सुरक्षा कर्मीलाई
सजग बनौँ, बाचौँ र बचाऔँ बेला यो फिक्री को ।

# लोक छन्दमा आधारित गजल

झ्याउरे छन्द (१६ = ३ + २ + ३ + २ + ३ + ३)

# १. हाँसेर हार्नु

हाँसेर हार्नु भन्दा त रोई जितेको जाती हो
देखेको सप्ना नगरी पूरा के मर्नु साथी हो

झरना जस्तो चट्टान फोर्दै बग्न यो जीवन
पाखुरा ठूलो भन्दा नि सुरो चाहिने छाती हो

म्याराथुन जस्तो लामो छ यात्रा नगरी त्यो ख्याल
विजयी भए मिटर सय हौसिनु घाती हो

सगरमाथा फेदमै वर्षौं बसाइँ सरे नि
विजयी हुन टेक्नु त पर्ने शिखर माथि हो

भएमा गल्ती सिकेर पाठ कमजोरी हटाई
माथि जो उठ्छ जीवन उसकै फूल र पाती हो ।

## २. राजनीतिज्ञ

सकिनँ सोझो हातले कैल्यै दुई पैसा कमाउन
त्यसैले पुगेँ राजनीतिको झण्डा समाउन

ढङ्ग नै छैन केही गर्न तेरो भन्दछन् सबैले
त्यसैले आएँ राजनीतिको रङ्मा रमाउन

जानेको भन्नु त्यै झुटो भाषण बोल्दिन्छु भीषण
विज्ञ छु मानौँ पानीलाई दुध बनाई जमाउन

भएन योग्य उठ्नलाई कतै चुनाव लड्दै छु
ल्याइदिउँला जिते रातमै सूर्य अँध्यारो थमाउन ।

# ३. नसोध साथी हो

देशको माया छ छैन भनी नसोध साथी हो
बिर्सेर देश बाँचेको भन्दा मरेकै जाती हो

जहाँ म पुगुँ नेपाली हुँ म जान्दछु यो कुरा
जन्मेको देश आमा र बाबा शिर भन्दा माथि हो

आमाको हात समाई हिँड्न सिकेको भूगोल
सम्झदा पनि गर्वले फुल्ने साथी यो छाती हो

भुलेको छैन भुल्ने नि छैन भनेको बाबाले
बाजेको आँगन बिर्सने नाती कुलकै घाती हो ।

# ४. बन्दुक बोकेर

दुश्मन आए सिमाना तिर बन्दुक बोकेर
अगाडि बढ्छौँ नेपाली वीर बन्दुक बोकेर

यो मेरो देश प्रहार गर्न अनेकौँ कालमा
जो आए भागे झुकाइ शिर बन्दुक बोकेर

देशले मागे म पनि जान तैयार सीमामा
डटेर लड्न नमानी पीर बन्दुक बोकेर

बैरीले सीमा मिच्दैछ भन्ने खबर के सुनेँ
म छोडी हिंडे पस्केको खिर बन्दुक बोकेर

रूँदै छ यहाँ पुर्खाको नासो आउन युवा हो
हिसाब लिन लिपुलेक भीर बन्दुक बोकेर ।

# ५. जाँदैछौ तिमी

बोलाउँछन् तिमीलाई पखेरा पाखा पहरा जहिले
जाँदैछौ तिमी राहदानी बोकी जहिले तहिले

साथीले सीमा मिच्दैछ हाम्रो साहुले करेसा
सम्झाउँदै बाबा भन्दछन् छोरा नजाऊ अहिले

पछुतो होला सोचिनँ सोच्नु पर्दथ्यो भनेर
बाबा र आमा देशभन्दा ठूलो हुन्न कोही कहिले

आँखाको डिलमा जमेको आँशु तपक्क खसाउँदै
सोध्दछिन् आमा फिर्छौ त छोरा म मर्नु पहिले ।

# ६. बाबाको कहानी

हुर्काउन सन्तान दुवैको हुन्छ उस्तै नै लगानी
तै पनि बिक्दैन आमाको जस्तो बाबाको कहानी

भनिन्छ यहाँ सुरक्षा हुन्छ सबैको बराबर
लुटिन्छ तर चेलीको मात्र देह र जवानी

मरेर जाँदा न सानो ठूलो न छोरी न छोरा
सबैको अन्त या माटो मुनि या हुन्छ खरानी

मनमा सधैँ उठेको प्रश्न के होला स्वर्गमा
यहाँको जस्तै होला त भेदभाव र रवानी ।

# ७. निद चोरेर

बेच्दैछौ हाम्रो संस्कृति धर्म हाम्रो निद चोरेर
जोड्नलाई हामी आएका भन्छौ एकता तोडेर

लगाई भाग हिमाल पहाड तराई मधेस
कसरी हुन्छ आँगन सिङ्गो साँधले कोरेर

लुट्दैछौ अझै बनाउँदै देश मोल न तौलको
समृद्ध हुन्छ कसरी देशको धन सोहोरेर

मेरो नि हक छ यो राज्य भित्र पुर्खाको पसिना
म ल्याउँछु अब ताजगी नयाँ दाजु भाइ जोडेर ।

# ८. पागल

(लक्ष्मीप्रसाद देवकोटाप्रति समर्पित)

वसन्त माझ कोकिल सुन्छु नचाई आँचल
तुफानसँग गाउँछु गीत बजाई मादल

बनाउँछु लक्ष्य छुन त्यो जून लिएर हौसला
अठोट गर्छु विज्ञान बनी बदल्न बादल

अस्तित्व जस्को मान्दैन लोक मैले त्यो मान्दछु
आकार जस्को जान्दैन संसार म गर्छु आँकल

लेखिन्नन् जे जे छापिन्नन् जे जे बोलिन्नन् सुनिन्नन्
ती सबै सँग लगाउँछु मित नगरी क्यै छल

चाहिन्छन् पाँच इन्द्रियहरू अरूलाई काम गर्न
छैटौंले मात्र सहजै सक्छु निकाल्न म हल

मेरो यो हाल अरूको सँग बिल्कुलै मिल्दैन
त्यसैले भन्छु जरूर साथी म एक पागल ।

# ९. रामायण

सत्यलोक पुगी ब्रह्मालाई भेटी नारद यो कहन्छन्
रावण मार्छ साधुलाई त्यहीँ जहाँ उनका हवन छन्

दुराचार कस्तो मारेर खान्छ ऋषि र सन्तलाई
अत्याचार खुबै गर्दछ जनता डरले सहन्छन्

सुनेर यति नारदका कुरा पुग्दछन् ब्रह्माजी
रावण मार्न बिन्ती बिसाउन जहाँ विष्णु रहन्छन्

सत्य र धर्म रक्षाको निम्ति पृथ्वी लोकमा
रावण बाधक भएको सुनी ती विष्णु गहन छन्

नमारी रावण नहुने शान्ति यो सत्य देखेर
जन्मन्छन् विष्णु रामको भेषमा वाल्मीकि कहन्छन्

बढेकै थियो रावणको राज त्यही बेला रामजी
बनबास जान्छन् सीतालाई लिई कुटीमा रहन्छन्

दुष्कर्मी रावण सीतालाई एक दिन लैजान्छ हरेर
रिसले चुर भई हनुमान गई लङ्का नै दहन छन्

लडाईं नै भयो रामले तीरले रावण मार्दिए
धन्य भो जगत खुशीले खोला पवन बहन्छन् ।

सवाई छन्द (१४ = ४ + ४ + ४ + २ )

# १. जसलाई दिएँ मुटु

उसलाई दिएँ मुटु झिकी घरै बेची दाम
उसैले मेरो बदनाम गर्ने रोजेकी छे काम

यो मुटुमा तीर हानी उसले अर्कै रोजी
यस्तो रोजी रङ न रूपको के भो उसलाई राम

मलाई छोडी गई ठिक छ एउटै प्रश्न गर्छु
कहाँ राखूँ चिठी उसका कहाँ राखूँ खाम ?

सँगै चल्नु पर्छ बाँच्दा सँगै जल्नु पर्छ
यस्ता थिए बाचा हिजो आज भुली नाम ।

# २. प्रवासमा तीज तिहार

प्रवासमा तीज तिहार आए जस्तो हुन्न
थाहा भयो जीवन यहाँ गाए जस्तो हुन्न

बाबा आमा देश सम्झी जब झर्छ आँशु
भोज भोजन पनि यहाँ खाए जस्तो हुन्न

गाडी चढी ओठमा हाँसो देखाएर हिँड्यो
तर मनमा भने शान्ति छाए जस्तो हुन्न

आफ्नै छोराछोरी पनि हुर्की बढे पछि
उनको राय बा–आमाको राय जस्तो हुन्न

दुई चार पैसा कमाई होला स्वदेशमा भन्दा
तर पनि मनले शान्ति पाए जस्तो हुन्न ।

# ३. निर्मोहीको वचन

निर्मोहीको वचनले दिलमा घात गऱ्यो
अनि मनमा उनको माया सधैँलाई मऱ्यो

कलम किनेँ मैले तर तिमीले बन्दुक किन्यौ
अनि थाहा भयो हाम्रो बाटै फरक पऱ्यो

खुट्टा काटिदिनेलाई बैशाखी नै दिए
त्यै बैशाखी टेक्दै टेक्दै उसले खोला तऱ्यो

आफ्नो शरीर भन्दा बाँकी क्यै थिएन बेच्न
एउटा किड्नी बेचेँ बल्ल दसैँ तिहार टऱ्यो

खर्च धान्न गाह्रो हुँदा आफ्नै अङ्ग बेचेँ
खर्च टऱ्यो तर सँगै मृत्यु वर सऱ्यो ।

# ४. तुइन

वारि घर छ पारि खेत बीचमा खोला सरू
तुइन टुट्यो घर खेत म कसरी गरूँ

सानो छोरा पढ्न जाने स्कुल खोला पारि
बाढी आउँदा भन्छ खोला म कसरी तरूँ

कति गर्छस् कुरा मात्र ठूला ठूला ए सरकार
सक्छस् भने हाम्रो गाउँको तुइन फेर्दे बरू

मजदुर किसान स्वरमा स्वर मिलाएर भन्छन्
नुन सस्तो गर्दे पुग्छ चाहिँदैन केही अरू

सिटामोल नपाएर रून्छ रोल्पा डोल्पा
कर्णालीको अर्को चिन्ता पेट कसरी भरूँ ।

# ५. नर्क

अन्याय र अत्याचार मारकाट छ सस्तो
पृथ्वीको नाम फेरि नर्क राखूँ जस्तो

दरबारमै नरसंहार मारिन्छन् स्वयं राजा
भन्छन् छोराले नै मार्‍यो क्रुरता यो कस्तो

मिलिबस्ने भन्दा यहाँ डस्ने होड देख्दा
लाग्छ मलाई सर्प पनि हुँदैन कि यस्तो

आफ्नै नाताबाट चेली बलात्कृत हुन्छन्
को नभन्ला मान्छे भयो जस्तो दानव तस्तो ।

बालोरी छन्द

१४ अक्षरका बालोरी छन्द (४ + ३ + ४ + ३)

# १. फर्की आऊ नेपाल

फर्की आऊ नेपाल प्रवासका नेपाली
आफ्नै देश सिँगार्न सिकेको सीप सँगाली

जन्मेको यो ठाउँमा आउ रोपौँ पसिना
पोतौँ आफ्नै घर यो धमिलो सब पखाली

हिमालको पानीले अन्न बाली सिचौँला
हटाउँला अँध्यारो बाली दीप निकाली

न देखेरै तिमीलाई जान्छ कि सास घर्केर
भन्दै गर्छिन् बिलौना आमा आँशु खसाली ।

# २. बाल स्वभाव

आफ्नो आफ्नो स्वभाव हुन्छ साना नानीको
नगरौँ है तुलना हाम्रो कुनै बानीको

पढ्न कोही रूचाउँछौं विज्ञानको किताब
कसैलाई रूचि छ पहाड र पानीको

खेल्न मन कसैको भकुन्डो र कबड्डी
कोही खेल्छौं मिलेर खेल राजा रानीको

माया गर्नु पर्दछ सधैँ भरी हामीलाई
सम्झी जे छ राम्रो छ कलिला यी नानीको ।

# ३. देश राम्रो नेपाल

देश राम्रो नेपाल माया मिठो नेपाली
गाऊ गीत तिमीले बजाउँला म ताली

परिचय एउटै पूर्व बसूँ वा पश्चिम
चाहे भन मधेसी पहाडे वा हिमाली

सगरमाथा यहीँ छ संसारको शिखर
यहीँ नाच्छन् मयूर मिठो माया बसाली

जरायो र खरायो खेल्छन् हाम्रो पाखामा
बग्छन् काली कर्णाली दु:ख हाम्रा पखाली

खुसी हुँदै फर्किऊ न प्रवासका नेपाली
तिम्रो बाटो हेर्दैछिन् आमा आँशु खसाली ।

# ४. नेपालको महिमा

नेपालको महिमा नेपालकै कहानी
गीत बनाई गाउने कति ज्ञानी यी नानी

गुलाबको बिरूवा रोपी फूलबारीमा
दिन्छिन् उठी सबेरै हिमालको त्यो पानी

टिपी रातो गुराँश सिउरिएर शिरमा
डाँफेसँग नाच्दछिन् जहिले र जहाँ नि

फैलिन्छ उनी हाँस्दा नि सुवास आफ्नै देशको
कर्णालीको सुगन्ध झर्छ आँशु खस्दा नि ।

# ५. ताली

बढाउँछ हौसला हामीलाई तालीले
नखोज है सुधार्न सधैँ चर्को गालीले

हामी साना बालक माया गर यसरी
गर्छ माया जसरी फूललाई मालीले

सिँचिदेऊ ज्ञानले कलिला छौँ जानेरे
सिँचे जस्तै जमिन कर्णाली र कालीले

पढ्नु पनि पर्दछ खेल्नु पनि पर्दछ
अनि मात्र सक्तैन झुक्याउन जालीले ।

१३ अक्षरका बालोरी छन्द (४ + ४ + २ + ३)

# १. पुतली

कहाँ बाट आयौ तिमी भन पुतली
रस खान फूल चुसिकन पुतली

लोभ्याउँछौ तिमी जब हेरी मलाई
तिमी जस्तै हुन खोज्छ मन पुतली

कति फूल डुले पछि घुम्न निस्कन्छौ
राम्रा राम्रा फूलहरू गन पुलली

बस्छु तिम्रो पखेटामा मख्ख परेर
घुमाउन मलाई रन बन पुतली

गाउँछु मैले मन पर्ने मेरो गजल
तिमी चाहिँ नाच फन फन पुतली ।

# २. भमरा

(डा. घनश्याम प्ररिश्रमीप्रति समर्पित)

भुनभुन गर्दै तिमी आयौ भमरा
फूलै फूलको फूलबारीमा छायौ भमरा

चुनी चुनी राम्रा फूल माथि बसेर
फूल बाट रस चुसी खायौ भमरा

सिकाउन मलाई रस चुस्ने कसरी
कहाँबाट यस्तो ज्ञान पायौ भमरा

आज हाम्रो बगैचामा, हिजो साथीको
भन कति फूलबारी धायौ भमरा

फूलसँग माया गाँस्न तिमी सिपालु
कति फूलसँग माया लायौ भमरा

कैले फूल रिसाउँदा गीत गायौ कि
गायौ भने कुन गीत गायौ भमरा ।

# ३. माहुरी

(डा. घनश्याम प्ररिश्रमीप्रति समर्पित)

फूल फुल्यो फूलबारीमा आउ माहुरी
रोजी फूल मह मिठो खाउ माहुरी

कसरी पो बनाउँछौ भन हामीलाई
चाका भित्र मह राख्ने ठाउँ माहुरी

घार भरि देख्छौँ हामी मह पोसिलो
थोरै थोरै हामी पनि पाउँ माहुरी

सधैँ बस यहीँ मह जम्मा गरेर
अनि धेरै धेरै गुन लाऊ माहुरी ।

# ४. खरायो

सँगै थियौँ म र मेरो साथी खरायो
पर बाट दौडी आयो एउटा जरायो

जरायोले कान ठाडा पारी के हेऱ्यो
मेरो साथी खरायो त निकै डरायो

एकै छिन पछि छेउ आयो बिरालो
हल्लाउँदै पुच्छर म्याउ गर्दै करायो

आमा आई गोठबाट बाख्रा फुकाइन्
वन लगी कुकुरले दिनभर चरायो

मैले लेखेँ अनि गाएँ एउटा गजल
मरो साथी खरायोले मन परायो ।

## ५. गौँथली

हाम्रो घर भित्र तिम्रो घर छ गौँथली
तर पनि भन्छौ किन डर छ गौँथली

सुनी मेरो कुरा आफ्नो डर सुनाउन
म भएको ठाउँ तिर सर्छ गौँथली

साना बच्चा गुँड भित्र आई बिरालो
खाइदेला भन्ने पीर गर्छ गौँथली

उस्को सुर्ता सुन्दै हेर्रैं मेरो बिरालो
अनि भने मलाई यस्को भर छ गौँथली

एक दिन बच्चा खाने सुर कसेर
जब सर्प आउँछ घण्टौ लड्छ गौँथली

रिसाएर त्यहाँ जब आउँछ बिरालो
भाग्छ सर्प अनि दङ्ग पर्छ गौँथली ।

७ अक्षरका बालोरी छन्द (४ + ३)

# १. नानी

मेरी एउटी नानी छ
म भन्दा थोरै सानी छ

रूने रम्ने रमाउने
मेरो जस्तै बानी छ

मात्र सानो उमेर
धेरै कुरा जानी छ

दायाँ बायाँ बा–आमा
सबैलाई तानी छ ।

# २. कापी किताब

कापी किताब बोकेर
स्कुल जाऊँ सबेर

पाठ पढौँ बुझेर
हुन्न मात्र घोकेर

सफा हुनु पर्दछ
रोग भाग्छ लौ हेर

झुटो बोल्नु हुँदैन
मिठो बोलौँ जोखेर

हामी ज्ञानी भएमा
भाग्य आउँछ खोजेर ।

# ३. छोरीको चाह

हेर्छु बालाई ढोगी म
भन्छु पढ्न भोकी म

भाइ सँगै जान्छु है
स्कुल झोला बोकी म

चुलो मात्र गरेर
किन बसूँ रोकी म

किन लाग्छ घाँस काट्न
जन्मिएकी हुँ कि म

मेरो पनि चाह छ
बन्ने ठूलो हाकिम ।

६ अक्षरका बालोरी छन्द (४ + २)

# १. धाम

सम्झौँ सीता राम
घर नै हुन्छ धाम

संहार गर्ने हाम्रो
कृष्णजी को काम

हिंसा गर्दा कंश
भयो बद नाम

गर्न हुन्न साथी
कुनै छल छाम

पुज्नु पर्छ देउता
हर कोही याम ।

# २. असमानता

किन छैन राम
सबैलाई माम

भोकै सुत्छन् कोही
छैन सुको दाम

कसैको त पुरै
नाममा छ गाम

बराबरै दिन्छन्
सूर्यले त घाम

धनी गरिब किन
कस्को हो यो काम ।

# ३. हे पुतली सुन

हे पुतली सुन
राम्रा फूल चुन

म त रोज्छु रातो
तिमी रोज्छौ कुन

के तिमी नि सोच्छौ
जून लाई छुन

बिन्ती लगाऊ है
आज एउटा गुन

तिमी नाच छम्म
म बजाउँछु धुन ।

६ अक्षरका गजल

# १. हुन्न उँच नीच

हुन्न उँच नीच
मान्छे मान्छे बीच

भिन्न केही छैन
हेर फोटो खिच

किन जात भन्दै
गर्छौ थिच मिच

सबै जात उच्च
यही भाव सिँच

आऊ साथी जोडौँ
नाता हामी बीच

भत्काएर फालौँ
विभेदका पिच ।

## २. नबिर्सिऔँ कैले

पूजौँ आफ्नै गीता
भजौँ राम सीता

शिर भन्दा माथि
राखौं माता पिता

सत्य कुरा बोलौं
चाहे होस् तीता

नबिर्सिऔँ कैले
जल्नु पर्छ चिता ।

# ३. नेपालको चित्र

मेरा आँखा भित्र
नेपालको चित्र

मन भरि मेरा
दाजु भाइ मित्र

रगतमा बग्छ
रापति पवित्र

देश प्रेम मेरो
नमान्नु विचित्र ।

७ अक्षरका गजल

# १. याद

आउँछ कोशी काली
यादमा मेरो खाली

सम्झन्छु डाँफे मुनाल
गुराँसको मिठो लाली

त्यो बर कस्तो होला
खेलेको पिङ हाली

जन्मने छु म सधैँ
भएर नै ने–पाली ।

# २. निर्भरता

धेरै छन् जीव जाती
निर्भर एक अर्को माथि

बनाऔँ वन हरा
बचाऔँ फूल पाती

न मासौँ बाघ भालु
कमिलाको यो ताँती

तार्तिंदै छ यो पृथ्वी
विज्ञान भन्छ साथी

सिँगारे पृथ्वी हुन्छ
स्वर्ग नै भन्दा जाती ।